महिला मन्त्रालयलाई कम महत्व दिनु गैरजिम्मेवार : मन्त्री चौधरी | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक १७ • २०८१ साल जेठ २३ गते बुधवार (5 Jun, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## मधेश प्रदेशमा जनमतको नेतृत्वमा सरकार निश्चित

# मुख्यमन्त्री यादवले आज विश्वासको मत लिने, एसले सरकार छाडे

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको नेतृत्व जनमत पार्टीले गर्ने निश्चित भएको छ । नेकपा एसले जनता समाजवादी पार्टी(जसपा)नेपालको मंगलवार साथ छाडेपछि विपक्षी गठबन्धनतर्फ प्रष्ट बहुमत पुगेको छ ।

सरकारबाट राजीनामा दिदै नेकपा एसका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द न्यौपाने र श्रम तथा यातायात मन्त्री बेची लुंगेलीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई बुझाएका छन् ।

सरकारको नेतृत्व गरिरहेको जसपा नेपाल हाल एक्लिएको छ । मधेश प्रदेश सभामा जसपा नेपालको १९ प्रदेश सभा सदस्य छन् ।

मुख्यमन्त्री सरोज कुमार यादवले बुधवार विश्वासको मत लिने छन् । विश्वासको मत लिनका लागि दिउँसो ३ बजे प्रदेश सभाको बैठक डाकिएको छ । सत्ता गठबन्धनबाट एमाले र माओवादीले समर्थन फिर्ता लिएको झण्डै २३ दिनपछि नेकपा एसले पनि समर्थन फिर्ता लिएको छ ।

मधेश प्रदेशमा लगातार साढे ६ वर्ष जसपा नेपाल नेतृत्वको सरकार रहेको थियो ।जसपा नेपालका लालबाबु राउत नेतृत्वको सरकारले ५ वर्षको पूर्ण कार्यकाल चलेको थियो । यद्यपि सत्ता साझेदार दलहरु फेरबदल भएका थिए ।

यादव नेतृत्वको सरकारले झण्डै १ वर्ष ६ महिना पूरा गरेको छ । डेढ वर्षको कार्यकालमा मुख्यमन्त्री यादवले पाँचौ पटक लिन लागेको विश्वासको मतमा सफल हुने सम्भावना समाप्त भएको छ । यस अघि उनले चौथो पटकसम्म विश्वासको मत लिन सफल रहे । तर पहिलो पटक विश्वासको मत लिँदा प्रदेश सभामा रहेका सबै सभासदहरुले उनलाई समर्थन गरेका थिए । प्रदेश सभाबाट उनी सर्वसम्मत मुख्यमन्त्री रहेको सन्देश प्रवाहित भएको थियो । तर चौथो पटक विश्वासको मत लिँदा उनको पक्षमा जम्मा ५९ मत परेको थियो । एमाले, माओवादी र नेकपा एसले उनलाई समर्थन गरेका थिए ।



नेकपा एसले सोमवार साँझ सम्म सरकारलाई समर्थन जारी राख्ने बताए पनि मंगलवार एसका अध्यक्ष माधवकुमार नेपाल, प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' र एमाले अध्यक्ष केपी ओलीबीच भएको वार्तापछि समर्थन फिर्ता लिने निर्णय गरिएको थियो ।

एस संसदीय दलका नेता समेत रहेका निवर्तमान मन्त्री गोविन्द न्यौपानेले राजनीतिक परिस्थिति विपरीत बनेको अवस्थामा सरकारबाट अलग्गिएको बताए ।'एमाले, माओवादी लगायतका गठबन्धन दलको निर्णय अनुसार अगाडि बढने छौ' उनले भने, एमाले र माओवादीले गरेको निर्णयबारे जानकारी भएको छैनु, तर उनीहरुले भने अनुसार नै हाम्रो समर्थन रहने छ ।

एमाले र जनमत नेतृत्वको सरकारलाई स्वीकार गर्न नसकिने अडान राखेका न्यौपानेले संघीय गठबन्धनमा रहन मधेश प्रदेशमा अनिइच्छित निर्णय लिनु परेको बताए । 'एमाले, माओवादी र जनमत पार्टीको कुनै बैठकमा हामीलाई सहभागी गराइएको छैन्' उनले भने, उनीहरुले गरेको निर्णयमा अब हाम्रो पनि समर्थन छ ।

एमाले, माओवादी र जनमत पार्टीले यस अघि नै आफ्नो पक्षमा ६३ सभासद रहेको दावी गरेका थिए । एमाले, माओवादी र जनमत पार्टीले जनमत संसदीय दलका नेता महेश प्रसाद यादवलाई मुख्यमन्त्री बनाउने निर्णय गरिसकेका छन् ।

नेकपा एसले साथ छाडेपछि जसपा नेपाललाई बहुमत पुग्ने सम्भावना समाप्त भएको छ । तर पनि मुख्यमन्त्री यादवले प्रदेश सभा बैठकमा विश्वासको मत लिन प्रस्ताव पेश गर्ने बताइएको छ ।

विश्वासको मत लिन प्रदेश सभाको बैठक डाकिएकोले सदनमा मत माग्ने मुख्यमन्त्री यादवले बताएका छन् । 'सदनमा आफ्ना पक्ष राख्दै विश्वासको मत दिन सभासदहरुलाई आग्रह गर्नेछौ' उनले भने, सदनमा बहुमत नपुगे सरकारबाट राजीनामा दिनेछु ।

मधेश प्रदेश सरकारका लागि नेकपा एस निर्णायक रहेको छ । प्रदेश सभामा एसको ७ जना सभासद छन् । एमालेको सभामुख बाहेक २४ जना सभासद, जनमत पार्टीको १३ जना सभासद, माओवादीको ९ जना सभासद रहेका छन् । नागरिक उन्मुक्ति पार्टी(नाउपा)को १ जना सभासद र नेपाल संघीय समाजवादी पार्टीको १ जना सभासदले पनि सो गठबन्धनलाई समर्थन गर्ने छन् ।

मधेश प्रदेश सभामा १ सय ७ जना सभासद रहेका छन् । सरकार बनाउन कम्तिमा ५४ जना सभासदको समर्थन चाहिन्छ । सत्ता आरोहनको क्रममा रहेको एमाले सहितको गठबन्धनमा ५५ जना सभासद रहने निश्चित भइसकेको छ ।

सरकार गठनको सबै तयारी पूरा भइसकेको एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोज कुमार यादवले बताए । 'जसपा नेपालको सरकार अल्पमतमा परिसकेकाले सोझै राजीनामा दिनु उपयुक्त हुनेछ' उनले भने, बहुमत सहित हामी सरकार गठन गर्ने तयारी अवस्थामा छौ ।

प्रदेश सभामा एमाले सबै भन्दा ठूलो दल रहेको छ ।सभामुख सहित एमालेको २५ सभासद छन् । दोस्रो दल नेपाली कांग्रेसको २२ जना सभासद रहेको छ ।

# कांग्रेस, लोसपा र जसपा साथ रहने



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश सभामा विश्वासको मत लिने मुख्यमन्त्री सरोज कुमार यादवलाई नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले विश्वासको मत दिने भएको छ ।

कांग्रेसले मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने निर्णय नै गरिसकेको छ ।लोसपाले भने निर्णय सार्वजनिक गरेको छैन् ।तर स्रोतहरुका अनुसार लोसपाले पनि मुख्यमन्त्रीको पक्षमा मतदान गर्ने छ ।

स्रोतहरुका अनुसार कांग्रेस, जसपा र लोसपा नेताहरुको वर्दिबासस्थित एउटा होटेलमा भएको बैठकबाट नयाँ गठबन्धन बनाएर अगाडि बढने सहमति भएको छ ।

लोसपाका सभासद एवं मधेश प्रदेश अध्यक्ष जीतेन्द्र सोनलले मधेश प्रदेश र केन्द्रमा कांग्रेसको साथ रहेको बताए ।'हामी केन्द्र र प्रदेशमा कांग्रेसका साथ छौ' उनले भने, हाम्रो गठबन्धनमा जसपा नेपाल आए स्वागत छ ।तर उनले मुख्यमन्त्रीलाई विश्वासको मत दिने अथवा नदिने निर्णय बुधवार बिहान गर्ने बताए ।

मुख्यमन्त्रीको पक्षमा कांग्रेसका २२, लोसपाका ८, जसपाका १९ र राप्रपाका १ गरी ५० सभासद्को समर्थन रहेको छ ।







# नक्कली प्रमाण पत्र पेस गरी जागिर खाएका शिक्षकविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । नक्कली शैक्षिक प्रमाण पत्र पेस गरी राहत दरबन्दीमा विद्यालय शिक्षकमा जागिर खाएका अशोककुमार साहविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको बलवा नगरपालिका वडा नं. ९ धमौरास्थित राष्ट्रिय प्राथमिक विद्यालयमा अनुदान कोटामा शिक्षक पदमा कार्यरत साहविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दर्ता गरेको हो । साहले कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालय भारतबाट नवीन उत्तर मध्यमा तह उत्तीर्ण गरेको भनी नक्कली शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरेको अख्तियारले जनाएको छ ।

नक्कली प्रमाण पत्रका आधारमा साहले राष्ट्रिय प्राथमिक विद्यालय महोत्तरीमा २०६९ असोजदेखि राहत शिक्षक अनुदान कोटामा नियुक्ति लिएका थिए । उनले नक्कली विवरण पेस गरी ओहोदा, लाभ र सुविधा प्राप्त गरेकाले कैद र जरिवाना सजायको मागदाबी गरिएको अख्तियारले जनाएको छ ।

# सञ्चारमन्त्री शर्मासमक्ष 'ब्याण्डविथ प्लेटफर्म'को सम्भावना अध्ययन प्रतिवेदन पेश



काठमाण्डु । नेपालमा ब्याण्डविथ प्लेटफर्म (अन्तर र्राष्ट्रिय इन्टरनेट गेटवे) को सम्भावना अध्ययन गर्न गठित समितिले सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मासमक्ष प्रतिवेदन पेस गरेको छ ।

मंगलबार प्रतिवेदन बुझ्दै मन्त्री शर्माले नेपालमा अन्तर र्राष्ट्रिय ब्याण्डविथको व्यवस्थापन महत्वपूर्ण भए पनि यससम्बन्धी आवश्यक अध्ययन नभएकाले अध्ययन समिति गठन गरेको बताउनुभयो । उहाँले समितिले दिएका सुझाव कार्यान्वयन गर्न आफू तत्पर रहेको बताउनुभयो । "समितिले प्रतिवेदनमार्फत दिएका सुझावका आधारमा तत्काल गर्न सकिने कामका लागि प्रक्रिया अघि बढाउन र कानुन बनाएर कार्यान्वयन गर्नुपर्ने विषयमा सोहीअनुसार आवश्यक कार्य अगाडि बढाइने छ", मन्त्री शर्माले भन्नुभयो ।

मन्त्री शर्माले विसं २०८० फागुन २३ गते दोस्रोपटक पदबहाली गरेपछि नेपालमा ब्याण्डविथ प्लेटफर्मको सम्भावना अध्ययन गर्न मन्त्रालयका सहसचिव गौरव गिरीको संयोजकत्वमा समिति गठन गर्नुभएको थियो ।

समितिले दूरसञ्चार ऐन, २०५३ र नियमावली, २०५४ बमोजिम एउटै व्यक्ति/संस्थाले नेटवर्क सेवाप्रदायक र इन्टरनेट सेवाप्रदायक दुवैको अनुमतिपत्र लिने गरेका कारण दुवैलाई फरकफरक बनाई प्रतिस्पर्धा गर्ने वातावरण बनाउन कठिनाइ रहेकालगायत सुझाव पेस गरेको छ । रासस

# महाधिवेशन रोक्न माग, उपेन्द्रको मुद्दा हेर्न नभ्याइनेमा

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालको आसन्न महाधिवेशन रोक्न सो पार्टीका दुई जना केन्द्रीय सदस्य सर्वोच्च अदालत र निर्वाचन आयोग पुगेका छन् ।

केन्द्रीय सदस्यद्वय जनार्दनप्रसाद यादव र भीमबहादुर रायले सर्वोच्चमा रिट दायर गरेकोमा त्यसलाई दरपिठ गरिएको थियो । दरपिठपछि सो निवेदन सिधै बेञ्चमा गएपछि बेञ्चले कैफियत झिकाउन आदेश गरेको छ । रिट दायर हुने-नहुने आदेश हुन बाँकी छ ।

जसपा नेपालले जेठ २८ गतेदेखि जनकपुरधाममा एकताको महाधिवेशन गर्दैछ । त्यो अधिवेशनलाई रोक्न माग गर्दै जसपाका दुई नेताले दुवै ठाउँमा निवेदन दिएका छन् ।

अशोक राईसहित सात जना सांसद जसपा नेपालबाट अलग भएर निर्वाचन आयोगमा छुट्टै दल दर्ता गराएपछि त्यसको विरुद्धमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सर्वोच्च अदालतले रिट दायर गरेका थिए । सो रिटमाथि बहस हुँदा सर्वोच्च अदालतले जसपालाई यथास्थितिमा राख्न आदेश दिएको छ ।

सर्वोच्चमा मुद्दा विचाराधीन रहेको बेला महाधिवेशन गराउन अवैधानिक हुने भन्दै उनीहरू रिट लिएर अदालत पुगेका हुन् । यो विषयमा जनार्दनप्रसाद यादवसँग बुझ्दा उनले आफू बाहिर रहेकाले अहिले केही भन्न नमिल्ने भन्दै फोन काटेका थिए ।

'सर्वोच्च अदालतले दिएको अन्तरिम आदेश दुवै दलका लागि हो, एउटाका लागि मात्र होइन,' जसपाका एक नेताले भने, 'जसपाको सनाखत कार्यक्रम रोकिएको छ भने जसपा नेपालको महाधिवेशन पनि रोकिनुपर्छ, महाधिवेशनका लागि प्रतिनिधि बनाएका छन् । त्यसमा कतिपय जसपाका पनि छन्, कोही जसपामा आउन चाहेका छन् तर सनाखतका कारण रोकिएको छ । यस अवस्थामा महाधिवेशन वैधानिक हुन सक्दैन ।'

जसपा नेपाल विभाजन भइसकेको र त्यसले पूर्ण मान्यता नपाएसम्म विभाजन नै भएको मानिन्छ र महाधिवेशन गराउन मिल्दैन भन्दै जसपा नेपालका ती नेताले निर्वाचन आयोग र सर्वोच्च अदालतमा निवेदन दर्ता गराएका छन् ।

सर्वोच्च अदालतले कैफियत झिकाउ आदेश दिएको छ भने निर्वाचन आयोगले हालसम्म कुनै निर्णय गरेको छैन ।

जसपा नेपालले जेठ २८ गतदेखि जनकपुरधाममा एकता महाधिवेशन गर्दैछ । पार्टी विभाजन भएको अवस्थामा भइरहेको यो महाधिवेशनबारे जसपा नेपालमा पनि कुरा उठेको छ । सो पार्टीका कतिपय नेताले कार्यकारिणी बैठकमा समेत जसपा नेपाल विभाजन भइसकेको र सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा महाधिवेशन गराउन नहुने तर्क गरेका छन् ।

महाधिवेशन सम्पन्न भएपछि पनि यसलाई निर्वाचन आयोगले मान्यता दिन नसक्ने सोही पार्टीका एक जना कार्यकारिणी सदस्यले बताए । उनले भने, 'जसपा नेपालले निर्वाचन आयोगलाई विपक्षी बनाएर सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ, र मुद्दाको फैसला पनि आएको छैन, महाधिवेशन हुँदा त्यसलाई कुन आधारमा मान्यता दिने भन्ने प्रश्न उठ्न सक्छ ।'

अशोक राईको नेतृत्वमा जसपा नेपालबाट सात जना सांसद अलग भएर जसपा गठन गरेका छन् । वैशाख २३ गते नयाँ दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएकोमा वैशाख २४ गते आयोगले उनीहरूलाई दल दर्ताको प्रमाणपत्र दिएको हो ।

त्यसको विरुद्धमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले वैशाख ३० गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

यता, उपेन्द्र यादवले पार्टी विभाजन तथा सांसदहरुलाई लिएर दिएको मुद्दा मंगलबार पनि हेर्न नभ्याइनेमा राखिएको छ ।

# व्यवस्थित सडक तथा नाला निर्माण गर्न माग




**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा अव्यवस्थित सडक निर्माण कार्यले स्थानीयवासीलाई सास्ती भोग्नु परिरहेको भन्दै व्यवस्थित सडक ढलान निर्माणसहितका कार्यहरु गर्नुपर्ने माग राखेका छन् ।

जनकपुरधाम उपमहानगरपालिका- २५ स्थित लोहनामा स्थानीय नागरिक समाज तथा टोलवासीहरुले पिपिसी ढलानसहितको सडक निर्माण गर्दा व्यवस्थित नालासमेत निर्माण गर्नुपर्ने भन्दै आन्दोलित भएका छन् ।

मंगलबार जनकपुरधाममा रोड कमिटी तथा वडा कार्यालयले तोकेको मापदण्ड अनुसार सडक ढलान गर्दा व्यवस्थित नाला निर्माणलगायतमा ध्यान नदिएकोलेटोलवासीलेजनकपुरधाम उपमहानगरपालिकामा जानकार ीसहितको ज्ञापनपत्र बुझाएका छन् ।

उनीहरुले व्यवस्थितरुपमा सडक निर्माण नगर्दा विभिन्न किसिमका समस्याहरु खेप्नु परिरहेको भन्दै स्थानीयवासीहरु आक्रोशित रहेकाले कढा आन्दोलन गर्ने चेतावनीसहित विरोध गर्ने संयोजक शेष हसनले चेतावनी दिए ।

रोड कमिटी र वडा कार्यालयको लापरवाहीको कारण करिब एक वर्षअघि सो वडाको एक अबोध बालक नालामा डुबेर मृत्यु भएको थियो ।

अहिले मापदण्ड पुरा नगरी सडक ढलान गरेको र व्यवस्थितरुपमा नाला निर्माण नहुँदा बालबालिकाको अकाल मृत्यु हुने गरेको र वातावरणसमेत प्रदुषित हुने गरेकोले अहिले नै सचेत भई विकास निर्माण कार्यमा अहिलेदेखि नै गम्भीरतापूर्वक ध्यान दिनुपर्ने नागरिक समाजका संयोजक शेष हसनले बताए ।

संयोजक हसनले विगतमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले १० दिनभित्र समस्याको समाधान गर्ने प्रतिबद्धता जनाएको २० दिनभन्दा बढी भइसक्दा पनि केही गर्न नसक्नु दुःखद रहेको उनले बताए ।

अझै पनि जनकपुरधाम उपमहानगरपालिकाले बेवास्ता गरे असारको पहिलो सातादेखि सडक निर्माण गर्दा दिएको जग्गामा तारबार लगाइने चेतावनी दिए ।

# सांसदहरूद्वारा सदनमा बजेटका विविध पक्षको मिहिन विश्लेषण

काठमाण्डु । सत्तापक्ष र प्रतिपक्षका सांसद्ले आगामी आर्थिक वर्षको बजेटलाई मिहिन रूपमा विश्लेषण गरेका छन् । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्रप्रसाद पाण्डेले आगामी आर्थिक वर्षको बजेटमा घोषणा गरिएको कर प्रणालीमा विरोधाभाष देखिएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा आव २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उहाँले बजेटले कर छल्ने अवस्थाको अन्त्य गरी स्वस्फूर्त रूपमा कर तिर्ने वातावरण बनाउन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "सिद्धान्तबाहिरको कर लगाइयो भन्ने आरोप छ, आम्दानी र नाफा नहुने ठाउँमा कर लगाइयो भन्ने टिप्पणी छ, यसमा अर्थमन्त्रीले जवाफ दिनुपर्छ ।" वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशील बनाउने योजना बजेटमा समावेश नभएको उहाँको टिप्पणी थियो । "कार्यक्रमबिना कृषि दशक घोषणा गरिएको छ, बाँझो जमिनको सदुपयोग गर्ने कार्यक्रम आउन सकेन", उहाँले भन्नुभयो ।

**बजेट महत्वाकाङ्क्षी छ**

नेपाली कांग्रेसका सांसद अर्जुनरसिंह केसीले नेपाल सरकारको आगामी आर्थिक वर्षको बजेट यथार्थमा आधारित नभई महत्वाकाङ्क्षी भएको टिप्पणी गर्नुभएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा उहाँले बजेट वर्तमान आवश्यकतामा केन्द्रित नभएको र महत्वकाङ्क्षी भएको टिप्पणी गर्नुभयो । "निराशालाई आशामा परिणत गर्ने दिशा यस बजेटले दिन सकेको छैन," उहाँले भन्नुभयो । सांसद केसीले बजेटको आकार ठूलो भएको र घाटा बजेट हुने स्थिति भएको टिप्पणी गर्दै चालु खर्चमा निर्मम कटौती देखाउन नसकेको जनाउनुभयो । उहाँले पूँजीगत खर्च गर्न नसक्ने संयन्त्रलाई सक्षम बनाउन र निजी क्षेत्रलाई हतोत्साहित नगर्न आग्रह गर्नुभयो ।



**बजेटमार्फत आर्थिक सुधारको नयाा चरण घोषणा**

मंगलबारकै बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेटले आर्थिक सुधारको नयाँ चरण घोषणा गरेको बताउनुभयो । उहाँले सन्तुलित रूपमा बजेट प्रस्तुत भएको बताउनुभयो । बजेटले आर्थिक रुपान्तरणको स्पष्ट लक्ष्य किटान गरेको उल्लेख गर्दै उहाँले रोजगारी र उत्पादन वृद्धि, सूचना प्रविधि सेवा निर्यातबाट आर्थिक समृद्धि सम्भव भएको बताउनुभयो ।

ऊर्जा, कृषिलगायत क्षेत्रको विकासका लागि बजेटले स्पष्ट खाका कोरेको जनाउँदै उहाँले भरतपुर, पोखरा बुटवललाई जोडेर घोषणा गरिएको गण्डकी आर्थिक 'त्रिभुज'ले आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सघाउने बताउनुभयो ।

**'बजेट सकारात्मक तर कार्यान्वयन चुनौतीपूर्ण'**

सांसद् रामकुमार राईले आगामी आर्थिक वर्षको बजेट नेपाली जनताको विश्वास जित्नेगरी ल्याइएको बताउनुभयो । बजेटका पाँच प्राथमिकताले विद्यमान चुनौतीलाई समाधान गर्ने विश्वास व्यक्त गर्दै उहाँले बजेट कार्यान्वयन भने चुनौतीपूर्ण हुने बताउनुभयो ।

**आर्थिक रुपान्तरणको घोषणा भए पनि कार्यान्वयन चुनौतीपूर्ण**

यसैगरी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद गोकर्णराज विष्टले आगामी आर्थिक वर्षको बजेटले आर्थिक रुपान्तरणको घोषणा गएको भए पनि कार्यान्वयन अत्यन्त चुनौतीपूर्ण रहेको बताउनुभयो । उहाँले बजेटमा नयाँ आर्थिक सुधारको उद्घोष गरिए पनि त्यो स्पष्ट नभएको टिप्पणी गर्नुभयो ।

"यो कसका लागि ? असमान आय घटाउन, अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन, उत्पादन वृद्धि, राष्ट्रिय पूँजी वृद्धि, रोजगारी सृजना र गरिबका लागि वा उदारीकरणका बाँकी काम कार्यान्वयन गर्न ?" सांसद विष्टले प्रश्न गर्नुभयो ।

उहाँले बजेटमा पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँच रणनीति र पाँच रुपान्तरणकारी क्षेत्र छुट्याइनु सकारात्मक रहे पनि कार्यक्रम र विनियोजन समुचित नभएको टिप्पणी गर्नुभयो । "बजेटमा कृषि लगानी दशक, सूचना प्रविधि दशक, महिलामा लगानी वर्ष भनिए पनि सम्बन्धित क्षेत्रमा विनियोजन घटेको अवस्था छ, यसले लक्ष्य प्राप्त गर्न कठिन छ", उहाँले विष्टले भन्नुभयो ।

बजेटले आगामी आर्थिक वर्षमा १६ लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको भए पनि पर्यटन पूर्वाधारमा लगानी नबढ्नुले आशङ्का बढाएको उहाँको भनाइ थियो । "भैरहवास्थित गौतमबुद्ध अन्तर र्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको योजना बजेटमा आउन सकेन, यसले आशङ्का बढाएको छ", उहाँले भन्नुभयो ।

उत्पादनमूलक क्षेत्रमा लागनी वृद्धि नभएसम्म आर्थिक वृद्धि सम्भव नहुने भन्दै खर्च गर्ने विधि, आयोजनामा न्यून विनियोजन तथा खर्च प्रणालीमा सुधार ल्याउन ध्यानाकर्षण गराउनुभयो ।

**बजेट परम्परागत छ, विद्यमान चुनौती सम्बोधन हुादैन**

यसैगरी, बजेटमाथिको छलफलमा भाग लिँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले आगामी आर्थिक वर्षको बजेट परम्परागत भएको र यसले विद्यमान चुनौतीको सम्बोधन गर्न नसक्ने बताउनुभयो । उहाँले प्रस्तुत बजेटले जनतामा आशाको सञ्चार गर्न नसकेको र त्यसले परम्पराको निर्वाह मात्र गरेको टिप्पणी गर्नुभयो । सांसद लिङ्देनले भन्नुभयो, "मुलुकको अर्थतन्त्रको अहिलेको अवस्थामा छलाङ मार्न सक्ने अवस्था छैन, बजेटले आशा जगाउन सकेको छैन ।"

अनुमान, अनुदान र ऋणलाई आधार मानेर बनाएको बजेटले आर्थिक रुपान्तरणका लक्ष्य हासिल गर्न कठिन हुने बताउनुभयो । "कार्यक्रम फरक ढङ्गले आउनुपर्थ्यो, चालु आवमा चालु र पूँजीगत खर्चको दूरी व्यापक छ, त्यसलाई साँघुर्‍याउने प्रयत्न भएन", उहाँले भन्नुभयो । रासस

# 'नाट्टा' को अध्यक्षमा दुई जनाको उम्मेदवारी

काठमाण्डु । नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा)को अध्यक्षमा दुई जनाले उम्मेदवारी दिनुभएको छ ।

नाट्टाको यही जेठ २५ गते हुन लागेको ५७औँ वार्षिक साधारणसभा एवं निर्वाचनमा अध्यक्ष पदमा नाट्टाका वर्तमान वरिष्ठ उपाध्यक्ष प्रमोद दाहाल र महासचिव कुमारमणि थपलियाले उम्मेदवारी दिनुभएको हो ।

दुई कार्यकाल टानको बोर्ड सदस्य भएर काम गर्नुभएका दाहाल कोलम्बस ट्राभल्सका सञ्चालकसमेत हुनुहुन्छ। ताप्लेजुङका दाहाल विगत तीन दशकदेखि ट्राभल, टुर र ट्रेकिङ पेशामा आबद्ध हुनुहुन्छ । नाट्टाको कोषाध्यक्ष र महासचिव भइसक्नुभएका थपलिया विगत डेढ दशकदेखि टुर, ट्राभल र ट्रेकिङ व्यवसायमा आबद्ध हुँदै आउनुभएको छ । चितवनका थपलिया प्रिसियस ट्राभल एण्ड टुर्सका सञ्चालकसमेत हुनुहुन्छ ।

वरिष्ठ उपाध्यक्षमा जिस्वा तुलाधर र उपाध्यक्षमा घनश्याम घिमिरे निर्विरोध निर्वाचित हुनुभएको छ । महासचिवमा भने युविका भण्डारी र अमृतकुमार ढकालको उम्मेदवारी परेको छ । सचिवमा विष्णु पाण्डे, कोषाध्यक्षमा सुरेश अमगाई र सहकोषाध्यक्षमा ढकनाथ काफ्ले निर्विरोध निर्वाचित हुनुभएको नाट्टाका निर्वाचन अधिकृत अरुण पौडेलले जानकारी दिनुभयो ।

सदस्यमा दिनेश मैनाली, सुदर्शन गजुरेल, श्रद्धा जोशी, रामशोभित राय, कृष्णप्रसाद ढकाल, विदुरप्रसाद खतिवडा, सुदर्शन पौड्याल, कृष्णप्रसाद ढकाल, विजय रिजाल र रमाकुमारी प्याकुरेलको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथुन | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# भारतीय नागरिकको घाँटी रेटेर हत्या



**टुडे समाचारदाता**

गौर । रौतहट जिल्लाको राजपुर नगरपालिकामा एक जना भारतीय नागरिकको घाँटी रेटेर हत्या गरिएको अवस्थामा शव बरामद भएको छ। राजपुर-१ पिपरा भगवानपुरको पूर्वपट्टि ईद्रीस गेट छेउ हुलाकी सडक खण्डमा ४५ वर्षीय भारतीय नागरिकको हत्या गरिएको अवस्थामा शव फेला परेको छ।

घटना प्रकृति अनुसार धारिलो हतियारले घाँटी रेटेर हत्या गरिएको प्रहरीको प्रारम्भिक अनुमान रहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी एलिजा गिरीले बताएकी छन् । मृतकको गोजीबाट प्राप्त कागजपत्रमा भारत बिहार मोतीहारीको नाम ठेगाना पाइएको छ।

शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा पठाइएको प्रवक्ता गिरीले बताएकी छन् । मृतकको शवको केही पर सिजे ०१- २५६८ नम्बरको मोटरसाइकल बरामद भएको छ।

उक्त भारतीय नागरिकको सोही ठाउँमा हत्या गरिएको हो वा अन्य ठाउँबाट हत्या गरेर त्यहाँ फालेको हो भन्ने खुल्न सकेको छैन् । हत्या कसले र किन गरेको हो त्यस सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

मृतकको शव र मोटरसाइकल बेवारिसे अवस्थामा देखेर स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।


# कडरिया चोकमा प्रहरी बिट

**टुडे समाचारदाता**

मलंगवा । बारम्बार सवारी दुर्घटना भइरहने सर्लाहीको हरिवन नगरपालिका ११ कडरिया चोकमा प्रहरी बिट राखिएको छ ।

सवारी दुर्घटना न्यूनिकरण गर्ने र प्रहरीले सो चोकमा प्रत्यक्ष गरेका छन् ।

प्रहरीले अब त्यहाँ अस्थायी डिभाइडर राखेर सवारी चेकजाँच पनि गर्ने छ। प्रहरी बिट स्थापनाकै अवसरमा हरिवन नगरपालिकाको विभिन्न स्थानमा २ थान एएनपिआर क्यामेरासहित २७ थान सिसी क्यामेरा जडान गरी



निगरानी बढाउने उद्देश्यसहित हरिवन नगरपालिकाले स्थायी प्रहरी बिट स्थापना गरेको छ। सो प्रहरी बिटको हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल), उपप्रमुख हरिमाया घलान, प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमला भएर संयुक्त रुपमा उद्घाटन औपचारिक उद्घाटन गरिएको छ।

प्रहरी बिट र सिसी क्यामेराको उद्घाटन कार्यक्रममा कार्यालयको तर्फबाट नागरिक सुनुवाई कार्यक्रम गरिएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक (इन्स्पेक्टर) अनिलराज गिरीले जानकारी दिए ।

# महोत्तरीका किसानलाई स्यालोट्युबबेलले राहत



महोत्तरी । थोरै जग्गा भएका साना किसानलाई स्यालोट् युवबेलले राहत भएको छ । सिँचाइका अन्य कुनै साधन स्रोत जुटाउन नसक्ने किसानलाई थोरै लागतमा जडान हुने स्यालोट् युवबेलले राहत मिलेको हो । महोत्तरीमा निम्न वर्गका किसानले सिँचाइ प्रयोजनका लागि स्यालोट्यूवबेल जडानतर्फ चासो बढाएका छन् ।

लगातारको लामो खडेरी र असन्तुलित वर्षाका कारण खेतीपातीमा राम्रो साथ नपाएका यहाँका किसानले बालीनालीको सिँचाइका लागि थोरै लागतमा स्यालोट्यूवबेल जडान हुने भएपछि यसबारे सकारात्मक चासो बढाएका हुन् । स्यालोट् युवबेल जडानले बालीनाली लगाउने काममा सिँचाइ सहज हुँदै गएको किसान बताउँछन् ।

स्यालोट्यूवबेल जडानमा सरकारले ८५ प्रतिशत अनुदान दिने र कुल लागत रु एक लाख नबढ्ने भएपछि किसानलाई सिँचाइका लागि यो सजिलो भएको हो । स्यालोट् युवबेल प्रयोगमा केही पहिलेदेखि नै आए पनि महोत्तरीमा पछिल्ला दुई वर्षयता यसप्रति किसानको आकर्षण बढेको छ । गत आर्थिक वर्ष २०७९/८० मा एक सय ७५ वटा स्यालोट्यूवबेल जडान भएर सिँचाइ प्रयोजनमा उपयोग गरिएपछि त्यसको देखासिकीले यसको माग गर्ने किसान यसपालि चालु आव २०८०/८१ मा बढेका कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ। यसपालि जेठ १५ सम्म स्यालोट्यूवबेल जडान गर्ने किसानको सङ्ख्या एक सय ८१ पुगेको कार्यालयका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत मनिषकुमार पालले जानकारी दिनुभयो। चालु आवको अन्त्यसम्म यो सङ्ख्या दुई सय नाघ्ने कार्यालयले जनाएको छ।

पछिल्ला समय खडेरी पर्ने, अनुकूल वर्षा नहुने र जिल्लाका धेरै कम क्षेत्रमा स्थायी सिँचाइको कुलो पुगेको हुँदा किसान पानीकै अभावमा समयमा बालीनाली लगाउन नपाएर चिन्तामा पर्दै आएका छन् । एउटा स्यालोट्यूवबेलले दुई बिघा क्षेत्रफलमा सजिलै सिँचाइ दिनसक्ने भएपछि यहाँका किसानलाई यो वरदानसरह नै भएको कृषि अधिकृत पाल बताउनुहुन्छ। जिल्लामा कुल ७० हजार हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा छ। यसमध्ये १० प्रतिशतमा मात्र नहर कुलो लाग्ने स्थायी सिँचाइ प्रबन्ध छ । यसबाहेक आकाशे पानीका भरको खेती गर्नुपर्ने यहाँका किसानका लागि स्यालोट्यूवबेल कम झण्झटिलो र खर्च पनि कम लाग्ने उत्तम विकल्प रहेको उहाँको भनाइ छ ।

जिल्लाका सुदूरउत्तरी क्षेत्रका केही भागबाहेक जिल्लाका १५ वटै स्थानीय तहमा स्यालोट् युवबेल सफल बनेको छ। सुदूरउत्तरी गौशाला र बर्दिबास नगरपालिका क्षेत्रका सुदूरउत्तरी केही बस्तीबाहेक स्यालोट्यूवबेल जिल्लाभरिमै सिँचाइ प्रयोजनमा सफल भएको पालले बताउनुभयो।

स्यालोट्यूवबेल जडानमा कार्यालयले प्राविधिक सहयोगसहितको ८५ प्रतिशत अनुदान दिएपछि किसानको लागत १५ प्रतिशतममात्र चाहिन्छ । ठाउँठाउँको पानीको मूल (मुहान) भेटिने सतहको गहिराइका आधारमा लागत केही फरक परे पनि अहिलेसम्मको जडान लागत रु एक लाख ननाघेको कार्यालयले जनाएको छ। यान्त्रिक उपकरणले पाइपलाई जमिनमुनिको पानीको सतहसम्म पुर्‍याएर पानी तान्न मिल्ने व्यवस्था मिलाइने यो कार्यक्रम कम लागतको प्रभावकारी रहेको कार्यालयका विज्ञ बताउँछन् ।

जिल्लामा यसपालि स्यालोट् युवबेल जडानका लागि एक सय २५ फिट गहिराइसम्मको इष्टिमेट गरिएको छ । बिजुली पुगेका ठाउँमा मोटर लगाएर पानी तान्न कम लागत लाग्ने र बिजुली नपुगेको ठाउँमा पम्पसेट लगाउनु पर्दा यसको लागत थोरै बढ्ने गरेको पाल बताउनुहुन्छ।

किसानले स्यालोट्यूवबेलले राहत दिए पनि खेतबारीसम्म विद्युत् सेवा पुर्‍याउन नसकिँदा र छिटोछरितो कृषि मिटर नपाइँदा सिँचाइमा लागत बढ्ने गुनासो गरेका छन् । बालीनाली त खेतबारीमै लगाइने हुँदा स्यालोट्यूवबेल जडान गरिने ठाउँसम्म विद्युत् लाइन विस्तार र कृषि मिटर जडानमा स्थानीय तह, विद्युत् प्राधिकरण र कृषिसम्बद्ध कार्यालयले समन्वय गरी सेवा प्रवाह सहज बनाइदिनुपर्ने भङ्गाहा-४ का किसान सत्यनारायण यादवको भनाइ छ। स्यालोट्यूवबेल माग्न र यो स्वीकृत गराउन गर्नुपर्ने दौडधुपले भने दिक्क बनाउने गरेको किसान बताउँछन्। रासस

# विद्यालयलाई १० थान पंखा सहयोग



**टुडे समाचारदाता**

मलंगवा । एक मनकारी युवाले सर्लाहीको बरहथवा नगरपालिका-११, हीरापुरमा रहेको माध्यमिक विद्यालयलाई पंखा सहयोग गरेका छन् ।

चर्को गर्मीमा पंखा नहुँदा विद्यार्थीलाई कक्षाकोठामा बसेर पढन असाध्य समस्या भइरहेको थियो । सोही समस्यालाई मध्यनजर गर्दै बरहथवा नगरपालिका-१४, का चन्दन ठाकुरले जनता माध्यमिक विद्यालय हीरापुर लौकठलाई १० थान पंखा सहयोग गरेका छन् ।

ठाकुरले मंगलबार बिहान वडाध्यक्ष नवराज राई, विद्यालयका प्रधानाध्यापक ज्ञानकुमार महतो, व्यवस्थापन समितिका सदस्य सञ्जिव हुमागाईलगायतलाई पंखा हस्तान्तरण गरेका छन् ।

३० हजार रुपैयाँ बराबरको पंखा सहयोग गर्ने ठाकुरलाई विद्यालयले धन्यवाद् पत्रसहित सम्मान गरेको छ ।

# अमूर्त सांस्कृतिक सम्पदा संरक्षणका लागि मन्त्रालयले लियो सुझाव

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पहिलोपटक अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धिको आवधिक प्रतिवेदनका लागि सरोकार भएका निकायसँग सुझाव लिएको छ।

मन्त्रालयले पहिलोपटक पेश गर्न लागेको प्रतिवेदनका लागि सरोकार भएका सरकारी, गैरसरकारी र सांस्कृतिक क्षेत्रका विज्ञसँग तीन दिने राष्ट्रिय परामर्श गोष्ठी गरी सुझाव लिएको हो । जेठ २० गतेदेखि सुरु भएको परामर्श गोष्ठी मंगलबार समापन भएको हो । समापन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्रालयका संस्कृति महाशाखा प्रमुख डा सुरेशसुरस श्रेष्ठले अभौतिक सांस्कृतिक सम्पदाका विषयमा नीतिगत र कार्यान्वयनको काम दुवै मन्त्रालयले गर्ने भएकाले चुनौतीपूर्ण रहेको बताउनुभयो। उहाँले विज्ञसँग लिएको सुझावका आधारमा यही जुन १५ गतेदेखि प्रतिवेदन पेश गर्न सुरु गरिने जानकारी दिनुभयो।

जुन १५ मै प्रतिवेदन पेश गरी एसिया प्रशान्त क्षेत्रकै उदाहरणीय काम गर्न लागेको उहाँले सुनाउनुभयो । संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००३ अक्टोबर १७ मा यो महासन्धि पारित गरेको थियो। सन् २००६ देखि कार्यान्वयनमा आएको महासन्धिलाई नेपालले भने सन् २०१० मा अनुमोदन गरेको थियो । अनुमोदन गरेको छ वर्षपछि प्रतिवेदन पेश गर्नुपर्ने नियमअनुसार तयारी गरिरहेका बेला संयुक्त राष्ट्रसङ्घले यससम्बन्धी निर्देशिका परिवर्तन गरेको थियो । निर्देशिका परिवर्तन गरेको छ वर्षपछि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था बमोजिम यो वर्ष मन्त्रालयले प्रतिवेदन पेश गर्न लागेको हो ।

गोष्ठीमा अमूर्त सांस्कृतिक सम्पदाका क्षेत्रमा काम गर्ने सरकारी एवं गैरसरकारी क्षेत्रका प्रतिनिधि र विज्ञ गरी ३६ जनाको सहभागिता रहेको मन्त्रालयका पुरातत्व अधिकृत भीष्म बास्कोटाले बताउनुभयो । प्रतिवेदन यही जुन १५ देखि संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)मा पेश गर्न प्रारम्भ गरिने उहाँले जानकारी दिनुभयो । आगामी डिसेम्बर १५ सम्म नेपालले अमूर्त सांस्कृतिक सम्पदा क्षेत्रमा भए गरेका कामको विवरण युनेस्कोमा पेश गरिसक्ने जनाइएको छ।

युनेस्कोमा प्रतिवेदन पेश गरेसँगै नेपालका अमूर्त सांस्कृतिक सम्पदाको विवरण सूचीकरण पनि सुरु गरिने मन्त्रालयले जनाएको छ। नेपाल मूर्त, अमूर्त मौलिक सांस्कृतिक सम्पदामा धनी भएपनि अझैसम्म त्यसको सूचीकरण हुन सकेको छैन। अब सरकारले प्राथमिकताका साथ अभौतिक अर्थात् अमूर्त सांस्कृतिक सम्पदाको सूचीकरण गर्ने जनाएको छ । समापन कार्यक्रममा त्रिभुवन विश्वविद्यालय संस्कृति विषयका प्रा डा सन्ध्या खनाल पराजुलीले स्नातकोत्तर तहमा अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी पाठ्यक्रम तयार गरी प्राध्यापन गर्ने व्यवस्था गर्न लागिएको जानकारी दिनुभयो। रासस

# उद्योग वाणिज्य महासङ्घद्वारा स्टार्टअप नीतिको स्वागत

काठमाण्डु । सरकारले स्टार्टअप नीति, २०८१ पारित गरेकामा नेपाल उद्योग वाणिज्य महासङ्घले खुसी व्यक्त गरेको छ।

महासङ्घले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै उद्यमशीलता प्रवर्द्धनका लागि स्टार्टअप नीति कार्यान्वयनमा आउनु महत्वपूर्ण कोसेढुङ्गा भएको बताएको छ। महासङ्घले तयार पारेको स्टार्टअप मस्यौदा थप परिस्कृत गरी सरकारले मन्त्रिपरिषद् बाट पारित गरेको थियो। यो नीति समग्र निजी क्षेत्रका लागि महत्वपूर्ण रहेको महासङ्घले जनाएको छ।

विज्ञप्तिमा भनिएको छ,“मंगलबार यहाँ आयोजित कार्यक्रममा महासङ्घ अध्यक्ष चन्द्रप्रसाद ढकालले पनि स्टार्टअप नीति ल्याउन लामो समयदेखि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र महासङ्घअन्तर्गतको स्टार्टअप एण्ड इन्नोभेसन फोरमले महत्वपूर्ण योगदान पुर्‍याएको बताउनुभएको थियो । महासङ्घले तयार पारेको नीतिको मस्यौदालाई थप परिस्कृत गरी कार्यान्वयनमा ल्याउनु हामी सबैका लागि सुखद् कुरा हो।”

त्यस्तै, उद्योग मन्त्रालयका सहसचिव जीवलाल भुसालले स्टार्टअप नीतिले अङ्गीकार गरेको स्टार्टअपको परिभाषा, स्टार्टअप र लघु, घरेलु तथा साना उद्योग र स्टार्टअप उद्यमका अन्तरसम्बन्ध, स्टार्टअप वर्ष २०३० र स्टार्टअप कर्जाहरूका विषयमा प्रकाश पार्नुभएको विज्ञप्तिमा उल्लेख छ। रासस

# ‘तोकिएका करका दर कार्यान्वयनको विकल्प छैन’

काठमाण्डु । सरकारले संसद्मा प्रस्तुत गरेको आर्थिक विधेयक २०८१ कार्यान्वयनको विकल्प नरहेकाले त्यसमा सघाउन राजस्व प्रशासनसँग जोडिएका सरकारी निकायहरुले निजी क्षेत्रलाई आग्रह गरेका छन्।

नेपाल उद्योग वाणिज्य महासङ्घले मंगलबार यहाँ आयोजना गरेको ‘उद्योग व्यवसायमैत्री वातावरण निर्माणमा निजी क्षेत्र’ विषयक संवाद कार्यक्रममा आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल राष्ट्र बैंकका प्रमुख तथा प्रतिनिधिहरुले संसद्बाट निर्धारण हुने राजस्वसँग सम्बन्धित कानुन कार्यान्वयनको विकल्प नरहेको धारणा राख्नुभएको हो।

आन्तरिक राजस्व विभागका महानिर्देशक शिवलाल तिवारीले मुलुकभित्र औद्योगिक-व्यावसायिक वातावरण निर्माणलाई केन्द्रमा राखेर सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याएको बताउनुभयो । “संसद्बाट कानुन ल्याइएपछि त्यसलाई लागू गरेरै जाने हो । जहाँ समस्या छ त्यहाँ सहजीकरण गर्ने हो । त्यसमा निजी क्षेत्रले सहजीकरण गर्नुपर्छ”, तिवारीले भन्नुभयो। कर प्रशासनलाई निजी क्षेत्रमैत्री बनाउँदै लगिएको उहाँको भनाइ छ। करको दायरा बढाउन साक्षरता कार्यक्रम तथा करदाता शिक्षा कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइने उहाँले स्पष्ट पार्नुभयो । आर्थिक विधेयक, २०८१ बाट करका दरमा धेरै परिवर्तन नभएको उहाँको भनाई छ।

सोही कार्यक्रममा भन्सार विभागका महानिर्देशक ढुण्डीप्रसाद निरौलाले बजेटमा आएका विषय कार्यान्वयनको विकल्प

> सोही कार्यक्रममा भन्सार विभागका महानिर्देशक ढुण्डीप्रसाद निरौलाले बजेटमा आएका विषय कार्यान्वयनको विकल्प नहुने धारणा राख्नुभयो ।

नहुने धारणा राख्नुभयो । आर्थिक विधेयकमा व्यवस्था गरिएका विषय कार्यान्वयनका लागि उहाँले निजी क्षेत्रलाई आग्रह गर्नुभयो । “प्रचलित कानुनको परिधिभित्र रहेर हामीले बजेटका विषय कार्यान्वयन गर्नुको विकल्प रहन्न । कार्यान्वयनमा केहि कठिनाइ र समस्या छन् भने त्यसलाई समाधान र सहजीकरण गर्दै जाने हो”, निरौलाले भन्नुभयो । विभिन्न भन्सार कार्यालयहरुमा कर्मचारी, व्यापारी तथा बिचौलियाको मिलेमतोमा न्यून बिजकीकरण हुने गरेको, व्यापारीहरुले गलत स्वघोषणा गर्ने गरेको, चोरी आयात नियन्त्रण हुन नसकेकोलगायतका समस्या अहिले पनि विद्यमान रहेको उहाँको भनाइ छ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक चक्रबहादुर बुढाले चालु आवमा मात्र भन्सार छुटेर आएका आठ सयभन्दा बढी गाडीलाई नियन्त्रणमा लिई अनुसन्धान गरेको र रु एक अर्ब भन्दा बढी राजस्व सङ्कलन भएको जानकारी दिनुभयो। एकातर्फ भन्सार छलेर वस्तु आयात हुने र अर्कोतर्फ भन्सारमा न्यूनबिजकीकरण तथा ‘भिसिटिएस’ छलेर ढुवानी गर्नेलगायतका समस्या रहेको उहाँले बताउनुभयो। उहाँले भन्सार विभाग, राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागका सूचना प्रणालीबीच अन्तर आबद्धताको आवश्यकता औंल्याउनुभयो।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले उद्योगी व्यवसायीहरुको कारोबार विधिसम्मत हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “कारोबार विधिसम्मत छ कि छैन भनेर आज मात्रै होइन पछिसम्म सोधखोज हुन्छ। नेपालमा कारोबार विधिसम्मत भएन भने अन्तर्राष्ट्रियस्तरमासमेत मुलुकको साख खस्किने रहेछ । सम्पत्ती शुद्धीकरणमा ‘ग्रे जोन’मा रहेको बेलामा बढी निगरानी हुन्छ।”

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले अग्रिम आयकरसम्बन्धी व्यवस्था, वस्तु ढुवानीसाधनको कर, कोइलाजन्य वस्तुमा लागेको हरित कर, फलामे छड तथा फलामको कच्चा पदार्थको करमा भएको परिवर्तन, बैंक-वित्तीय संस्थाको मर्जर तथा प्राप्तिसम्बन्धी विषयमा भूत प्रभावी कानुन बजेटमा परेको, अघिल्लो बजेटले दिएका सुविधा पछिल्लो बजेटले काट्नेलगायतका विषयमा निजी क्षेत्रको चासो रहेको बताउनुभयो। रासस

# एकजुट भएर लाग्न आग्रह

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद लेखनाथ दाहालले संस्थागत भ्रष्टाचारविरुद्धको अभियानमा एकजुट भएर लग्नुपर्नेमा जोड दिनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकारले सुशासन र समृद्धिका विषयमा गर्दै आएका कामलाई तीव्र गतिमा कार्यान्वयन गर्नुपर्छ भन्नुभयो। उहाँले सदन अवरोधको अभ्यास बढेकामा चिन्ता व्यक्त गर्नुभयो।




“हामीले सदन सञ्चालनको वस्तुनिष्ठ समीक्षा गर्ने बेला भएको छ। कुनै एउटा समस्या आउने बित्तिकै महिनौं सदन अवरूद्ध हुन्छ”, सांसद दाहालले भन्नुभयो, “विवादित विषय किनारा लगाउन संवैधानिक निकाय र राज्यका अख्तियार प्राप्त निकाय छन्, ती निकायलाई काम गर्न नदिएर सदनमा असंसदीय तरिकाले तरिकाले पेस हुन पाइँदैन।” रासस

आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!
शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित
यही मिति २०८१/०२/१९ गते शनिवारका दिन
२×२ लक्जरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।
विशेष यात्रा
थालेवाली माई, नैमिसारण, बनारस, काशी विश्वनाथ ज्योतीलिंग, विन्धयाचल माई, अष्ठभुजी दुर्गा माता, प्रयागराज संगम स्नान, चित्रकोट चारधाम, राम घाट, सतिअन्सुइया, गुप्त गोदावरी, मन्दाकनी, कामतगरी, तुल्सीदास घाट, गुप्तेश्वर गंगा, बागेश्वर बालाजी धाम, विन्दावन, गोकुल, मथुरा, गोबरधन, वरसाना, नन्दगाउँ, श्री शनि देव मन्दिर अयोध्याधाम, गोरखपुर, गोरखनाथ दर्शन पुजा गर्दै जनकपुरधाम सम्मको ९ दिनको यात्राको लागि प्रति व्यक्ति रु. ७,५००।- भारु (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ ।
सम्पर्क

प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ८२७१०८६९९३ (भारत)

जनकपुर टुडे
२०८१ साल जेठ २३ गते बुधबार (5 Jun, Wednesday, 2024)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# भारतीय मिडियामाथि प्रश्न ?

संसारको सबै भन्दा ठूलो लोकतान्त्रिक राष्ट्र भारतमा ७ चरणमा सम्पन्न मतदानपछि सञ्चार माध्यमहरुले सार्वजनिक गरेको 'एक्जिट पोल' यथार्थ भन्दा धेरै टाढा देखिएपछि विश्वसनीयतामाथि प्रश्न उठेको छ ।भारतमा सम्पन्न भएको मतदानको परिणाम मंगलवार सार्वजनिक भइसकेको छ। भारतीय जनता पार्टी(भाजपा)को नेतृत्वमा रहेको एनडीए गठबन्धनले सरकार बनाउने बहुमत प्राप्त गरेको छ । राष्ट्रिय कांग्रेसको नेतृत्वमा रहेको विपक्षी दलहरुको गठबन्धन इण्डियालेपनि सम्मानजनक स्थान प्राप्त गरेको छ। लोकतन्त्रमा जनतालाई भगवान मानिन्छ। स्वतन्त्र र निष्पक्ष रुपमा निर्वाचन सम्पन्न हुनु लोकतान्त्रिक पद्धतिलाई झन सबलता प्रदान गर्छ । चुनावलाई लोकतन्त्रको महापर्व मानिन्छ । भारतमा लोकसभाको (तल्लो सदन)मा ५ सय ४३ सीट रहेको छ । सरकार बनाउन कम्तीमा २ सय ७२ सीट चाहिन्छ। भाजपा गठबन्धन र कांग्रेस गठबन्धनले सरकार बनाउने दावी गरिरहेका छन् । गणितको संख्या पुऱ्याउने गठबन्धनले सरकार बनाउने छ। कुनै एउटा दलले सरकार बनाउने बहुमत प्राप्त गर्न सकेको छैन्। भारतीय मतदाताले जनादेश दिइसकेका छन्। तर भारतीय सञ्चार माध्यमहरुको विश्वसनीयतामाथि गंभीर प्रश्न उठेको छ । भारतमा खासगरि दिल्लीबाट प्रशारण हुने हिन्दी भाषा बाहुल्य टीभी च्यानलहरु विवादमा परिरहेका छन् । सरकारको पक्ष र विपक्षमा मिडिया विभाजित हुनु सकारात्मक पक्ष हुन सक्दैन् । लोकतन्त्रलाई संस्थागत गर्न र जनअधिकारको रक्षा गर्न सच्चा पहरेदार नै मिडिया हो । मिडियामाथि जनविश्वास सदैव कायम रहनु पर्छ। त्यसका लागि मिडिया इमान्दारीपूर्वक आफ्नो स्वतन्त्र र निष्पक्ष भूमिका निर्वाह गर्नुपर्छ । भारतीय सञ्चार माध्यमहरुले सार्वजनिक गरेको 'एक्जिट पोल'हरु यथार्थको नजिक देखिएन् । हावादारी ढंगले गरिएको 'एक्जिट पोल'ले सञ्चारमाध्यमहरुको विश्वसनियता र तटस्थतामाथि प्रश्न खडा भएको छ । लोकतान्त्रिक मुलुकमा मतदान नै नेतृत्व चयनको सबै भन्दा बलियो आधार हो । मतदाताले जाहेर गरेका मतसित मेल नखाने 'एक्जिट पोल'सार्वजनिक गर्ने सञ्चारमाध्यमहरुलाई आगामी दिनमा विश्वसनियता कायम गर्न धेरै मिहिनेत गर्नुपर्नेछ। जनताको दृष्टिमा एकपटक कमजोर हुने मिडियालाई पुनःजनविश्वास आर्जन गर्न बहुत कठिन हुन सक्छ। धरातलमा रहेर मात्र 'एक्जिट पोल' हुनुपर्छ। कसैलाई खुशी र कसैलाई दुखी बनाउन 'एक्जिट पोल' गर्नु हुँदैन् ।यसले समग्रमा मिडियालाई नै क्षति पुऱ्याउछ। भारत हरेक क्षेत्रमा विशाल हो । मिडियामा पनि भारत अगाडि छ ।तर विश्वसनीयतामा भारतीय सञ्चार माध्यमहरु कमजोर देखिन्छ ।तटस्थता पनि कायम राखेको पाइदैन् ।यस तर्फ गंभीर हुनु आवश्यक छ।

# पानीको कहानी बोकेर चुरेवासी माइतीघरमा



प्रगति ढकाल

'दुर दुर गेला पर भी पानी नही भेटैछ, आब कोना जीब ? ताहि लेल हम सब सरकारी घर (सिंहदरबार) मे विरोध करय लेल आयल छी ।' अर्थात् टाढाटाढा गएर पनि पानी भेटिँदैन, हामी कसरी जिउने ? त्यसैले धर्ना दिन हामी सरकारी घर (सिंहदरबार) नजिक आएका हौँ ।

जनकपुर उपमहानगरपालिकाकी ५० वर्षीया शान्तिदेवी यादवले माइतीघरमा बसेर व्यक्त गर्नुभएको यो पानीको कहानीले जो कोही पनि मन भकानिन्छ। पच्चीस दिन पैदल हिँडेरै 'चुरे बचाऊ : हामीलाई पानी देऊ सरकार' भन्दै उहाँ माइतीघरमा बसेर पानीका लागि गुहार माग्दै हुनुहुन्छ।

दिनभरको चर्को घाम समेत नभनी पैदल आउँदा सुनिएका खुट्टा अझै निको भएका छैनन्। "कसलाई रहर थियो र ? यो घाममा जनकपुरदेखि हिँडेर आउन," उहाँ भन्नुहुन्छ, "पानीको धेरै दुःख भयो सिंहदरबार नजिक आएपछि हाम्रो माग सुनुवाइ हुन्छ कि भन्ने लागेर माइतीघर आएका हौं तर आजसम्म सुनुवाइ भएन ।" चुरे विनाशले चापाकल, पोखरी सुक्दा पानीका लागि टाढा गएर घण्टौं लाइन बस्नुपर्ने कहानी सुनाहुन्छ यादव । "पानी नपाएसम्म हामी त नफर्किने हो, मर्न परे यही मर्छौं," उहाँ भन्नुहुन्छ।

सप्तरी राजविराजकी सुनिता साहको कहानी पनि उस्तै उदेयकलाग्दो छ। चुरेको बालुवा-ढुङ्गाको अत्यधिक दोहनका कारण चुरेको विनाश बढेको र खानेपानीको मुहान सुक्दा समस्या भोग्ने चुरेवासीमध्ये उहाँ पनि एक हुनुहुन्छ । "आधा घण्टा हिँडेर पानी लिनका लागि जानुपर्छ, त्यो पनि घण्टौं लाइन बसिसकेपछि मात्रै पाइन्छ," उहाँ भन्नुहुन्छ, "चुरे क्षेत्रका ८० प्रतिशत चापाकलको पानी सुकेर पानी नै आउँदैन, जारको पानी किनेर प्रयोग गर्न सक्ने क्षमता छैन ।"

सिराहाबाट माइतीघरमा पानीको माग गर्दै धर्नामा बस्नुभएकी अर्की सङ्गीता सदाले पनि खानेपानीको समस्याले जीवन नै समस्या भएको भन्दै चुरे संरक्षण हुनुपर्ने बताउनुहुन्छ। "खानेपानी त छैन, कृषि बालीमा कसरी पानी लगाउनु ? सुकेर गइसक्छ," उहाँ भन्नुहुन्छ, "पहिलापहिला सस्तो पाउने तरकारीहरू सुक्खाका कारण महङ्गो भएको छ।"

धनुषाकी फुलकुमारी मुखिया उमेरले ५० कटिसक्नुभयो । माइतीघरमा पानी खोइ ? भन्दै रित्ता भाँडाहरू राखिएका छन् । तिनै रित्तो भाँडो बोकेर पानी माग्न उहाँ पनि २५ दिनको पैदलयात्रा गरेर काठमाडौँ आउनुभयो । "हाम्रो ठाउँमा सरकार नपुगेपछि सरकारको ठाउँमा हामी आयौँ, यहाँ आउँदा पनि हाम्रो धर्नालाई कसैले पनि देखेनन्," उहाँ भन्नुहुन्छ, "पानीको समस्या भोग्नेलाई मात्रै थाहा हुन्छ यसको पीडा कति हुन्छ ? भनेर ।"

धनुषाबाटै धर्नामा आउनुभएकी राधा चौधरीलाई भने सिंहदरबार आसपासमा आएर गरिएको माग ढिलै भए पनि सरकारले सुन्ला भन्ने विश्वास छ। चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालका संयोजक सुनिल यादवले चुरे दोहन र वन विनाशका कारण पानीको स्रोत सुक्दै गएको चुरेवासी पानीको सङ्कटबाट गुज्रिनुपरेको भन्दै चुरे संरक्षण र खानेपानीको उपलब्धताका माग गर्दै धर्ना दिइएको जानकारी दिनुभयो ।

नेपाल वन प्राविधिक सङ्घ (एनएफए) का अध्यक्ष राकेश कर्णले माइतीघरमा पानीको माग राख्दै धर्नामा बस्नुभएका चुरेवासीको मागप्रति ऐक्यबद्धता रहेको बताउनुभयो । "हाम्रो चुरे संरक्षणको साझा सबैको साझा मुद्दा बनाउन र चुरे संरक्षणमा जुट्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएका छौँ," उहाँले भन्नुभयो ।

भू-गर्भविद् डा सुवोध ढकालले चुरे मासिदा भूक्षय बढ्ने पहिरो जानेलगायत समस्याले त्यस क्षेत्र तथा तल्लोतटीय क्षेत्रको समेत पानीको स्रोत सुक्दै जानेलगायत समस्या उत्पन्न भएको बताउनुभयो । "खासमा तराईको जमिनको पानी रिचार्ज चुरेबाट हुन्छ, चुरेबाट जमिनमुनिबाट पानी छिरेर तराईसम्म पुग्ने हो जब चुरेमा भू-क्षय तथा पहिरो गयो भने जमिनमुनिको पानी सतहमाथि भएर खेर जाने र चुरेले जमिनमुनिको पानी रिचार्ज हुने काम कम भयो," उहाँले भन्नुभयो, "समाधानका चुरेको पहिरो र भू-क्षय रोक्नुपर्छ र चुरेलाई बचाउन माथिल्लोतटीय क्षेत्र र तल्लोतटीय क्षेत्रबीच समन्वयकारी कार्यक्रमहरू लानुपर्ने हुन्छ।"




उहाँले जमिनमुनिको पानीको स्रोत बचाउन वनजङ्गल फँडानी र अतिक्रमण रोक्नुपर्ने बताउनुभयो । ढकालका अनुसार विस्तृत रूपमा चुरे तथा तराई क्षेत्रका जमिनमुनिको पानीको सतह घटेको विषयमा अध्ययन- अनुसन्धान हुनुपर्ने र तत्कालीन र दीर्घकालीन समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभएको छ।

खानेपानी मन्त्रालयका सिनिअर डिभिजनल इन्जिनियर मधु तिमिल्सिनाले खानेपानीको मन्त्रालयको बजेट विनियोजन घट्दै जाँदा खानेपानीको समस्या समाधान गर्नका लागि यथेष्ट कार्यक्रम राख्न नसकिएको बतानुभयो। उहाँले अन्तरसरकारी निकाय, तीनओटै तहको सरकारबीचको समन्वयका आधारमा खानेपानीको समस्या समाधानका लागि कार्यक्रम तय गर्न सम्भव हुने बताउनुभयो । "तराईमा खानेपानी सुधारका धेरै आयोजनाहरू बजेट अभावका कारण बन्न सकिरहेका छैनन्, डिपबोरिङ आयोजनाका लागि अर्थ मन्त्रालयसँग पहल गरेका छौँ सुनुवाई भइरहेको छैन," उहाँले भन्नुभयो।

तराईका करिब दुई सय ८० आयोजनाहरू पम्प बिग्रिएका र अलपत्र परेका आयोजनाहरू छन् । रु चार अर्ब छुट्याएमा अधुरा आयोजना अगाडि बढाउन सकिने उहाँको भनाइ छ। आगामी आर्थिक वर्षका लागि मधेस प्रदेशका स्थानीय तहमा केही टिप बोरिङको कार्यक्रम राखिएको छ । खानेपानी मन्त्रालयले समेत चुरे क्षेत्रको दोहन रोकेर चुरे संरक्षण गर्दै खानेपानीको स्रोत जोगाउनका लागि वन तथा वातावरण मन्त्रालयलाई ध्यानाकर्षण गराएको जनाएको छ।

आगामी वर्षदेखि दिगो सुनकोसी-मरिन डाइभर्सन आयोजनाबाट तराईका केही जिल्लामा थोक वितरणबाट खानेपानी आपूर्ति गर्ने कि भन्ने विषयमा छलफल भएको उहाँले जानकारी दिनुभयो। चुरे दोहन बढ्दै जाँदा जमिनमुनिको पानी रिचार्ज हुन नसकेमा डिपबोरिङले पनि काम नगर्ने भन्दै दिगो समस्या समाधानका लागि चुरे जोगाउनुपर्नेमा उहाँ जोड दिनुहुन्छ।

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्रीराज ढुङ्गानाले चुरे क्षेत्रको समस्या बहुआयामिक रहेको र चुरे संरक्षण तथा व्यवस्थापन गर्न बनाइएको २० वर्षे गुरुयोजना कार्यान्वयनमा लगानीको चुनौती रहेको बताउनुभयो। "राष्ट्रिय गौरवको आयोजनालाई नै प्रयाप्त स्रोत नै छैन । अन्य सरोकारवाला निकायसँगको समन्वय पनि राम्रो हुन सकेको छैन यसले चुरे क्षेत्रको सरक्षणमा बाधा पुगेको छ," उहाँले भन्नुभयो, "तर चुरे संरक्षण नभएकै कारण चुरे तथा तराई क्षेत्रमा पानीको स्रोत सुक्यो भन्ने विषयमा कुनै अध्ययन अनुसन्धान नभएकाले यही नै कारण हो भन्ने आधार छैन।" उहाँले चुरेको नदी उत्खनन्, वन विनास रोक्न र चुरे क्षेत्रको संरक्षण गर्न अन्तरसरकारी निकायबीचको समन्वय जरुरी रहेको जानकारी दिनुभयो।

यसैगरी चुरेविद् विनोद भट्टले पनि चुरेको विनाश बढिरहँदा पहिरो तथा भू-क्षय जाने र पानीको स्रोत सुक्दै जाने क्रम पनि बढिरहेको भन्दै समयमा नै सरोकारवाला निकायले सचेतना अपनाउनुपर्नेमा जोड दिनुभएको छ। उहाँले भन्नुभयो, "राष्ट्रिय गौरवको चुरे आयोजना र चुरे संरक्षण विपरीतका अरु विकासका आयोजनाहरू रहेका छन्, सरकारकै दोहारो नीतिले चुरेको संरक्षण कसरी हुन सक्छ ?" चुरे क्षेत्रको बजेट कनिका छरे झैँ छरिएको तर प्रभावकारी कार्यक्रम नभएको भन्दै यस विषयमा सम्बन्धित निकायले गम्भीरताका साथ सोच्नुपर्नेमा उहाँको जोड रहेको छ।

यसैगरी वनविज्ञ डा सोनी बराल गौलीले पनि चुरे संवेदनशील क्षेत्र रहेको र वन विनाशका कारण चुरेको माटो बगेर जाने तथा पानीको स्रोत संरक्षणमा समेत असर पुगेको बताउनुभयो । "चुरेलाई कान्छो पहाडका रूपमा लिइन्छ, यहाँ खुकुलो माटो हुने भएकाले भूक्षय हुन्छ । वनजङ्गल भएमा यसका जराले चुरेको माटो समातेर राख्छ," उहाँले भन्नुभयो, "चुरेमा वनजङ्गल भयो भने जमिनको पानी रिचार्ज हुने र पानीको स्रोत संरक्षण हुन्छ।"

संविधानको धारा ३५(४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको हकको व्यवस्था गरिएको छ, तर नागरिकले उक्त मौलिक हकको प्रत्याभूति गर्न पाएका छैनन् । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार कूल ६६ लाख ६० हजार आठ सय ४१ परिवारमध्ये खानेपानीको मुख्य स्रोतका रूपमा धारा/पाइप (घरपरिसर भित्र) प्रयोग गर्ने ३४ दशमलव छ प्रतिशत र धारा/पाइप (घरपरिसर बाहिर) २२ दशमलव चार प्रतिशत, ट्युबवेल/हातेपम्प २९ दशमलव आठ प्रतिशत, ढाकिएको इनार/कुवा एक दशमलव पाँच प्रतिशतले प्रयोग गरेका छन्।

दिगो विकासको लक्ष्यले सन् २०३० सम्ममा पानीको अभावलाई सम्बोधन गर्न तथा पानीको अभाव झेलिरहेको जनसङ्ख्यालाई उल्लेख्य रूपमा घटाउन सबै क्षेत्रमा पानी उपयोग कुशलता उल्लेख्य मात्रामा वृद्धि गर्ने र स्वच्छ पानीको दिगो निष्कासन तथा आपूर्ति गर्ने दिगो विकास लक्ष्य लिएको छ।

### घट्दै चुरेको बजेट

चुरेमा अब प्रदेश र स्थानीय तहले पनि लगानी बढाउन आवश्यक रहेको सरोकारवालाहरूले बताउँदै आउनुभएको छ । आगामी आव २०८०/८१ का लागि रु एक अर्ब पाँच करोड बजेट विनियोजन गरिएको छ। चालु आव २०७९/८० का लागि भने सरकारले चुरे संरक्षणको क्षेत्रमा रु दुई अर्ब १७ करोड बजेट विनियोजन गरेको थियो । तर विस्तारै चुरे क्षेत्रको बजेट घटिरहेको भन्दै यसले चुरेको गुरुयोजना कार्यन्वयनमा चुनौती हुने भन्दै सरोकारवालाले गुनासो गर्नुभएको छ।

चुरे क्षेत्रको २० वर्षे गुरुयोजनाले तोकिएको वार्षिक रूपमा रु नौ अर्ब बराबरको रकम आवश्यक पर्ने उल्लेख गरेको छ। चुरे क्षेत्रका लागि विनियोजन भएको सीमित बजेट तर चुरेका असीमित अपेक्षाका कारण पनि उक्त योजनाहरू कार्यन्वयनका लागि थप चुनौती उत्पन्न हुने देखिन्छ। चुरे संरक्षणका लागि गुरुयोजनाअनुसार आगामी २० वर्षसम्म करिब रु दुई खर्व ५० अर्ब लागत लाग्ने उल्लेख गरे पनि अनुमानित लागतअनुसारको अपर्याप्त बजेटका कारण गुरुयोजना कार्यन्वयनमा चुनौती देखिएको छ।

चुरे क्षेत्रको मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिले नै विनियोजित रकम कम भएको भन्दै गुनासो गरेको छ। समितिका अध्यक्ष डा किरण पौडेलले विनियोजित रकम भएको र अब प्रदेश तथा स्थानीय तहसँग समन्वय थालिने बताउनुभयो। "विनियोजित बजेट कम भएर आएको छ, यसकारण हाम्रा लक्षित कार्यक्रम कार्यान्वयनमा चुनौती थपिने छ," उहाँले भन्नुभयो, "अब चुरे क्षेत्र जोगाएनौँ भने चुरे तथा तराई र भित्री मधेस क्षेत्रमा खानेपानीको विकराल समस्या निम्तन सक्छ।"

जमिनमुनिको पानी रिचार्ज प्रक्रिया बढाउन र पानीको स्रोत संरक्षण गर्न पोखरी निर्माण गर्नुपर्ने, वन जङ्गलको संरक्षण तथा चुरे दोहन रोक्नुपर्नेमा उहाँको जोड छ। "यसका लागि सबै सरकारी निकायबीच समन्वय हुनुपर्छ र राजनीतिक दलको समेत प्रतिबद्धता आउनुपर्छ," उहाँले भन्नुभयो, "समितिले मात्रै केही गर्न सक्दैन, सबैको सहकार्य भएन भने चुरेको समस्या बल्झिरहने छ।"

# बाथरोगः धेरै बिरामी उपचारको पहुँचबाट बाहिर

**शरद् शर्मा**

मुलुकमा बाथरोगका धेरै बिरामी उपचारको पहुँचभन्दा बाहिर रहेका पाइएको छ। नेसनल बाथरोग सेन्टरका अनुसार देशमा करिब ३० लाख बाथरोगी रहेका अनुमान गरिएको छ, त्यसको १० प्रतिशत बिरामी मात्र सही उपचारको पहुँचमा पुग्ने गरेका छन्। नेपालमा बाथरोग आफैँ निको हुन्छ भन्ने सोचका कारण पनि यसका बिरामी उपचारमा नआउने गरेका छन्।

सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले नेपालका धेरैजसो बिरामी सही उपचारको पहुँचमा नआउने गरेका र उपचार सेवासम्म आइपुगेका करिब ४० प्रतिशत बिरामीले मात्र बाथरोगलाई आफ्नो नियन्त्रणमा राख्न सकेका देखिएको पनि उहाँले बताउनुभयो। उहाँका अनुसार अझै पनि नेपालमा बाथरोगका बारेमा जनचेतना जगाउनुपर्ने खाँचो देखिएको छ। "औषधि सेवन गरेपछि बीचमा छाड्ने, आफैँ जडीबुटी गर्ने तथा आयुर्वेदलगायतका एलोपेथिक बाहेकका औषधि खाने जस्ता कारणले उपचारमा आएका सबै बिरामीको रोग नियन्त्रणमा आउन सकेको छैन" उहाँले भन्नुभयो, "बाथरोग आफैँ निको हुन्छ भनेर बीचमा नै औषधि नखाने प्रवृत्ति पनि धेरैमा देखिएको छ।"

बाथरोग नसर्ने दीर्घरोग भएकाले नियमित औषधि सेवन गरिरहनुपर्छ। त्यसैले जनचेतनाकोस्तर अझ बढाउनुपर्ने देखिन्छ। सेन्टरले बाथरोग पहिचानका लागि विभिन्न ठाउँमा शिविर राखेर निःशुल्क स्वास्थ्य परीक्षण गर्ने गरिरहेको उहाँले बताउनुभयो।

### औषधिले पूरै निको हुँदैन तर नियन्त्रण गर्छ

उक्त बाथरोग विशेषज्ञ डा श्वेता नकर्मीले बाथरोगलाई पूर्ण रूपमा नियन्त्रण गर्न नसकिने बताउनुहुन्छ। "बाथरोग नियमित औषधिबाट निको पार्न सकिन्न" उहाँले भन्नुभयो, "रोगलाई नियन्त्रण गरेर विरामीलाई पहिल्येकै अवस्थामा लैजान भने सकिन्छ। तर पनि यो रोगको असर भने सधैँ देखिरहन्छ।"अन्य विभिन्न रोगको असरका कारण, वंशाणुगत र वातावरणीय प्रभावका कारण नेपालमा बाथरोग लाग्ने गरेको देखिएको छ। बाथरोग विशेषज्ञ डा नकर्मी ' अटोइम्युन डिजिज्' का कारणले बाथरोग लाग्ने गरेको बताउनुहुन्छ।

रोग प्रतिरोधात्मक क्षमतामा केही गडबडी आयो भने बाहिरी जीवाणुसँग लड्ने कोषिकाले आफ्नै शरीरको जोर्नी र अङ्गलाई नष्ट गर्न थाल्दछन् र त्यसबाट उत्पत्ति हुने रोगलाई नै बाथरोग भन्ने गरिएको उहाँ बताउनुहुन्छ। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र इन्टरनेशनल ऱ्युम्याटोलोजी लिग (आइलार) को संयुक्त अध्ययनले जनसङ्ख्याको ३० प्रतिशतमा ऱ्युम्याटिक एण्ड मस्कुलोस्केलेटल डिजिज् (हाडजोर्नी र मांशपेशी दुख्ने रोग) को समस्या हुने गरेको देखाएको छ। त्यसमध्ये १५ देखि २० प्रतिशतमा कम्मर तथा ढाड दुख्ने र घुँडा दुख्ने समस्या देखिएको अध्ययनमा उल्लेख गरिएको छ।

### औषधि सधै सेवन गर्नुपर्छ

नेपालमा बाथरोगको उपचार त्यति महँगो नभए पनि आम नेपालीका लागि भने यसको उपचार महँगो नै हुने गरेको बताइन्छ। बाथरोग पहिचानका लागि गरिने इम्युनोलोजिकल परीक्षण गर्नुपर्दछ र यो केही महँगो छ।

बाथरोग र यसका अनेक प्रकारको पहिचानका लागि गरिने स्वास्थ्य जाँच केही महँगो हुने गरेको प्रबन्ध निर्देशक कक्षपतिले बताउनुभयो। "बाथरोगमा जीवनभर औषधि सेवन गर्नुपर्छ। यसका लागि मासिक करिब एक हजार दुई सय रुपियाँ जति खर्च हुन्छ। यसरी एकजनाको परीक्षण र औषधि समेत गरी वार्षिक रु २० हजार भन्दा केही बढी खर्च हुनसक्छ" उहाँले भन्नुभयो। धुँलो धुँवा, चुरोट पिउने, मदिरा सेवन गर्ने, युरिक एसिड हुने खानेकुरा जस्तै बढी मात्रामा माछा, मासु र धेरै चिल्लो पदार्थ खाने, बढी तौल भएका व्यक्ति, दातँको र फोक्सोको समस्या भएका व्यक्तिहरूलाई बाथरोगको जोखिम बढी हुने गरेको चिकित्सकको भनाइ छ।



बाथरोग गर्भमा रहेका बच्चादेखि सबै उमेर समूहमा लाग्ने गर्दछ। पाँचदेखि १५ वर्ष उमेरसमूहका बच्चालाई मुटुको वाथ ज्वरो बढी हुने गर्दछ।

### दुई किसिमका बाथरोग बढी

हाडजोर्नी खिइने रोग जुन बुढेसकालमा बढी हुने र आम बाथरोग गरी दुई किसिमका बाथरोग नेपालमा बढी देखिने गरेको डा नकर्मी बताउनुहुन्छ। तीमध्ये आमबाथ कडा खालको बाथ रोग हो।

बाथ रोग लागेकामध्ये आम बाथरोग दुई तिहाई महिला र एक तिहाई पुरुषमा देखिने गरेको छ। चालीस वर्षभन्दा माथिका महिलालाई आम बाथरोग सुरु सुरुमा हाडजोर्नी दुख्ने, सुनिने, बिहान उठ्दा शरीर कक्रक्क पर्ने, मुठ्ठी पार्न र खोल्न गाऱ्हो हुने समस्या हुने गरेको छ। त्यसपछि बाथरोग कडा हुन थालेपछि ज्वरो आउने, शरीर दुख्ने, खान मन नलाग्ने, तौल घट्ने जस्ता लक्षण देखिन्छन्। त्यसपछि बाथरोगले फोक्सो, आँखा, मुटुमा असर गर्ने गर्दछ।

विशेषज्ञ डा नकर्मीका अनुसार समयमै औषधि खाएन भने कालान्तरमा हातखुट्टाका जोर्नी बाङ्गो हुने, काम गर्न नसक्ने जस्ता समस्या हुने गर्दछ। बाथरोग सेन्टरले विगत १० वर्षदेखि काठमाडौँको रातोपुलगायत देशका विभिन्न आठ ठाउँ (ललितपुको पुल्चोक, भक्तपुरको टेखापुखु, पोखराको मुस्ताङचोक, झापाको शनिश्चरे रोड, बुटवलको सुख्खा नगर, दाङको तुलसीपुर र चितवनको भरतपुर) मा बाथरोग सेन्टर सञ्चालन गरेर बाथरोगको प्रभावकारी उपचार सेवा उपलब्ध गराउँदै आएको र समय समयमा ती स्थान र अन्यत्र निःशुल्क शिविरको आयोजना गरेर बाथरोग पहिचान तथा जनचेतना जागृत गर्ने काम गर्दै आएको छ।

### बाथरोगका लक्षण


बाथरोग लागेपछि हातका औंला दुख्ने वा सुनिने, बिहान उठ्ने बेला हात, खुट्टा र जीउ गह्रुंगो भई अप्ठेरो हुने, खुट्टाका बुढीऔंला वरिपरि रातो भएर टेक्न नहुने, गोलि गाँठो दुख्ने र सुन्निने, राति र बिहान ढाड दुख्ने र अप्ठेरो हुने, घुँडा दुख्ने र सुनिने जस्ता लक्षण देखिन्छ। बाथरोगको प्रारम्भिक लक्षण बिहान उठ्दा हातका औंला खुम्च्याउन गाह्रो हुने र दुख्ने, त्यसपछि विस्तारै सुनिने गर्दछ। यो अवस्थामा स्वास्थ्य जाँच नगराई दुखाइ कम गर्ने औषधि सेवन गरेर बस्दा रोग छिप्पिदै जाने हुनसक्छ।

यस्तै कुर्कुचा दुख्ने (प्रायः बिहान उठ्ने बेला), पाइताला पोल्ने (प्रायः रातिको समयमा) वा झम्झमाउने, खुट्टा दुख्ने वा करकर खाने, जीउ गल्ने र छिटोछिटो थकान हुने, मांसपेशी कमजोर हुने, छालामा डाबर अथवा निको नहुने घाउ आइरहने, बारम्बार आँखा रातो हुने तथा दुख्ने, चिसोमा काम गर्दा हातखुट्टा निलो हुने आदि लक्षण बाथरोगका देखिन्छन्।

बाथरोग सामान्य दुखाइदेखि डरलाग्दा किसिमका पनि हुने भएकाले बाथ लागेको शङ्का लागेपछि जतिसक्दो चाँडो परीक्षण गराउन यस रोगका विशेषज्ञ चिकित्सकहरूको सुझाव छ। सुरुमै रोगको पहिचान हुनसक्यो र औषधि सेवन गरियो भने यसको दीर्घकालीन असरबाट बच्न सकिने उनीहरू बताउँछन्।

# प्रतिनिधिसभा शून्य समय

मनसुनजन्य विपद् व्यवस्थापनमा लाग्न सुझाव



काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा सांसदहरूले आसन्न मनसुनजन्य घटनाबाट हुन सक्ने सम्भावित क्षतिको आकलन गरी न्यूनीकरण र रोकथामका योजनालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न माग गरेका छन् ।

बैठकमा नेपाल कम्युनिष्ट (एमाले) का रघुजी पन्तले बाढी र पहिरोबाट हुन सक्ने क्षतिको प्रक्षेपण सार्वजनिक भसकेकाले त्यसको रोकथामको योजना बनाएर कार्यान्वयन गर्न माग गर्नुभयो ।

सोही दलका मानवीर राईले सोलुखुम्बुमा बाढी, पहिरो र हिमपहिरोको जोखिम भएकाले रोकथामको पूर्वतयारीमा जुट्न सम्बद्ध निकायलाई आग्रह गर्नुभयो ।

नेकपा एमालेकै मनबहादुर गुरुङले हुरी र वर्षाबाट कास्कीको रुपा गाउँमा भएको क्षति भएको र पीडितलाई सघाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सोही दलका भीम आचार्यले सुनसरीको इनरुवा हुँदै भण्टाबारी जाने रेलमार्गका लागि तोकिएको मुअब्जा नपाउँदा स्थानीयवासी प्रभावित भएका बताउनुभयो । एमालेकै महेश बर्तौलाले मकवानपुरको दामन र सिमभञ्याङ क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न बजेट विनियोजन हुनुपर्ने माग गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का माधव सापकोटाले वर्षायाम सुरु हुन लागेकाले तातोपानी नाका स्तरोन्नतिका लागि चीनसँग भएको सहमति कार्यान्वयनका लागि ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेसका रामहरि खतिवडाले मध्यपहाडी राजमार्गको घुर्मी पुल वर्षायाम प्रारम्भ हुनुअघि बनाउन माग गर्नुभयो । सोही दलका मैना कार्कीले भेरी करिडोरको स्तरोन्नति र पुल निर्माण गर्न विलम्ब भएको बताउनुभयो ।

माओवादी केन्द्रका मीना तामाङले काठमाण्डु विश्वविद्यालय र धुलिखेल अस्पतालको सहकार्य टुट्न नहुनेमा जोड दिनुभयो । एमालेका मेनुकाकुमारी पोखरेलले दाङको आगलागीबाट क्षति भएकाहरूलाई क्षतिपूर्ति दिन माग गर्नुभयो । एमालेकै सांसद रणकुमारी बलम्पाकीले शिक्षक दरबन्दी व्यवस्थापन मिलाउन आग्रह गर्नुभयो ।

नेपाली कांग्रेसका राजेन्द्रकुमार केसीले गोप्य सूचना बेचेको भनेर उपप्रधानमन्त्री एवं गृहमन्त्रीले संसदमा लगाएको आरोपको पुष्टि हुनुपर्ने माग गर्नुभयो । सो समयमा मङ्गलप्रसाद गुप्ता, माओवादी केन्द्रका रणेन्द्र बराइली कांग्रेसका रामनाथ अधिकारी, राष्ट्रिय प्रजातन्त्र पार्टीका रोशन कार्की, कांग्रेसका राजेन्द्र बजगाईं र रुपा बिक, एमालेका रुक्मिणी राणा बराइली, राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झाले समसामयिक विषयमा ध्यानाकर्षण गराउनुभएको थियो । रासस

# एमसिसी उपाध्यक्ष ब्रुक्सद्वारा अर्थमन्त्री पुनसँग भेट

काठमाण्डु । नेपालको भ्रमणमा रहनुभएका मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) उपाध्यक्ष जोनाथन ब्रुक्सले अर्थमन्त्री वर्षमान पुनसँग भेटवार्ता गर्नुभएको छ ।

उपाध्यक्ष ब्रुक्स नेतृत्वको टोलीले मन्त्री पुनसँग मंगलबार सिंहदरबारस्थित मन्त्रालयमा शिष्टाचार भेट गरेको हो । भेटमा मन्त्री पुनले एमसिसी परियोजनाको काम पूर्वनिर्धारित मितिमै सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले आयोजना समयमै सम्पन्न गर्न मन्त्रालयबाट सम्पादन हुनुपर्ने काममा सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । "एमसिसी कम्प्याक्टका आयोजना समयमा नै पूरा गर्न सरकार प्रतिबद्ध छ ," अर्थमन्त्री पुनले भन्नुभयो । एमसिसी परियोजनाअन्तर्गतका आयोजनाको काम खण्डखण्डमा भइरहेकाले पनि आफू समयमै सकिनेमा विश्वस्त रहेको बताउनुभयो ।

उपाध्यक्ष ब्रुक्सले एमसिसी नवलपरासी पश्चिमको भूमहीमा सब-स्टेसन निर्माणको काम प्रारम्भ भएको छ ।

यसैगरी रातमाटेबाट काठमाण्डुको लप्सीफेदीमा नेपाल विद्युत् प्राधिकरणद्वारा निर्माणाधीन चार सय केभी सब-स्टेसन र मकवानपुरको हेटौंडामा रहेको प्राधिकरणको चार सय केभी सब-स्टेसन दुवैमा रातमाटेबाट विद्युत् प्रवाह गरिनेछ । चार सय किलोभोल्ट क्षमताको विद्युत् प्रवाह गर्न सक्ने यो सब-स्टेसन देशको हालसम्मकै ठूलो प्रसारण लाइन हो । आयोजनाअन्तर्गत आठ सय ५६ वटा टावर बन्नेछन् । काठमाण्डु, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ, मकवानपुर, चितवन, तनहुँ, पाल्पा, नवलपुर र पश्चिम नवपरासी जिल्लालाई प्रसारण लाइनले छुन्छ ।

परियोजनाअन्तर्गत तीन सय पाँच किलोमिटर रणनीतिक सडक सञ्जालको मर्मतसम्भार र गुणस्तर




परियोजनाअन्तर्गत निर्माणाधीन विद्युत् प्रसारण लाइन र सडक निर्माणमा भइरहेको प्रगतिबारे जानकारी दिनुभएको थियो । उहाँले आयोजनाको हालसम्मको कार्यप्रगति सन्तोषजनक रहेको बताउनुभयो । एमसिसी सम्झौताअन्तर्गत पाँच वर्षभित्र तीन सय १५ किलोमिटर लामो विद्युत् प्रसारण लाइन र ७७ किलोमिटर सडक निर्माण हुनेछ ।

आयोजनाले बुटवलबाट भारतको गोरखपुरसम्म सीमापार प्रसारण लाइन पनि निर्माण गर्नेछ । तीन सय १५ किलोमिटर लामो 'डबल सर्किट' चार सय 'किलोभोल्ट' प्रसारण लाइन निर्माण हुनेछ । आयोजनाअन्तर्गत नुवाकोटको बेलकोटगढी नगरपालिकास्थित रातमाटे, तनहुँको दमौली र सुधारको काम हुनेछ । पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत दाङको भालुवाङबाट पश्चिमतर्फ धानखोला-लमही सडक खण्डको ४० किलोमिटर सडक नयाँ प्रविधिमार्फत विस्तार तथा सोही राजमार्गको दाङ र अर्घाखाँचीमा पर्ने लमही-शिवखोला खण्डको ३७ किमी सडक मर्मतको काम अघि बढेको छ । सन् २०१७ मा नेपाल र अमेरिका सरकारको एमसिसीबीच आयोजनासम्बन्धी हस्ताक्षर भएको थियो । उच्च राजनीतिक नेतृत्वमा लामो समयको छलफल र बहसपछि अन्ततः परियोजना कार्यान्वयन भएको हो । दुई वर्षअघि संसद्ले सम्झौता अनुमोदन गरेसँगै आयोजना कार्यान्वयनमा आएको हो । रासस

# किसानलाई क्षतिपूर्ति दिन माग



काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा विभिन्न पार्टीका सांसदहरूले बालीमा क्षति व्यहोरेका किसानलाई क्षतिपूर्ति दिन माग गरेका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि ढकालले चितवनको केराखेतीमा भएको क्षतिबारे सरकारको ध्यानाकर्षण गराउँदै रु १५ करोड बराबरको क्षति भएको बताउँदै पीडित किसानलाई तत्काल बीमा रकम उपलब्ध गराउन सरकारसँग माग गर्नुभयो । उहाँले गत वर्षको भुक्तानी किसानले पाउनुपर्ने माग गर्नुभयो । उहाँले चितवन र खैरनी जिल्लामा मकै, केराखेती र वर्षे धानमा भएको क्षतिको विवरण प्रस्तुत गर्दै सम्बन्धित मन्त्रालयले तत्काल राहतको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद विक्रम पाण्डेले गणतन्त्र शासन व्यवस्थामा पनि जनताको जीवनस्तरमा उल्लेख्य सुधार नआएको बताउनुभयो । किसानहरूले समयमा बीउबिजन र मल प्राप्त गर्न नसकेकातर्फ सांसद पाण्डेले ध्यानाकर्षण गराउनुभयो । आगामी आवको बजेट कार्यान्वयन गर्न सहज नहुने उहाँले बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) सांसद अम्मरबहादुर थापाले दैलेख जिल्लाको गुरास गाउँपालिकाका राजेश शाही २०७८ सालदेखि बेपत्ता भएका भन्दै उनको खोजीका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो । उहाँले अपाङ्गता भएका व्यक्तिहरूका समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

जनता समाजवादी पार्टीका सांसद रन्जुकुमारी झाले चुरे क्षेत्रको संरक्षणमा सरकारको ध्यानाकर्षण गराउँदै वर्षायाममा हुन सक्ने प्राकृतिक विपत्तिको जोखिमप्रति सतर्क रहन सुझाव दिनुभयो ।

जनमत पार्टीका सांसद अब्दुल खानले संविधान संशोधनको माग गर्नुभयो ।

जनता समाजवादी पार्टी नेपालका सांसद रेखा यादवले एनसेल कर प्रकरणको छानबिनबारे स्पष्ट पार्न गृहमन्त्रीसँग जवाफको माग गर्नुभयो । उहाँले युवावर्गलाई विदेसिनबाट रोक्नुपर्छ भन्नुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले तराई मधेसमा खोनपानीको समस्यातर्फ आफूले पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएको बताउनुभयो ।

नागरिक उन्मुक्ति पार्टीका सांसद गङ्गाराम चौधरीले मनसुनको जोखिममा रहेका भेगका बासिन्दालाई समयमै स्थानान्तरणको प्रबन्ध मिलाउन आवश्यक भएको विचार व्यक्त गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले स्थानीय तहमा राष्ट्रिय परिचयपत्रका लागि विवरण भरेका ज्येष्ठ नागरिक र अशक्त अपाङ्गता भएकाको अनलाइन दर्ता नभएको हुँदा पुनः जिल्ला प्रशासनमा धाउनुपर्ने बाध्यताबारे सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले राष्ट्रिय परिचयपत्र नहुँदा सामाजिक भत्ता नपाउने अवस्था उत्पन्न हुनहुँदैन भन्नुभयो ।

राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले सहकारी अपचलनमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन सरकार चुक्न नहुने बताउनुभयो ।

आम जनता पार्टीका सांसद प्रभु साहले तराई मधेसमा खानेपानीको समस्याबारे सदन र सरकारको ध्यानाकर्षण गराउँदै चुरे संरक्षणका लागि सबै निकाय सचेत हुनुपर्ने सुझाव दिनुभयो ।

स्वतन्त्र सांसद अमरेशकुमार सिंहले तराईका समुदायप्रति सरकार र बजेट उदासीन रहेको आरोप लगाउनुभयो ।

स्वतन्त्र सांसद योगेन्द्र मण्डलले हुलाकी सडक रङ्गेलीदेखि थाकखोलासम्म बनाउन थालेको पाँच वर्ष पूरा भइसक्दा पनि निर्माणसम्पन्न नभएको गुनासो गर्नुभयो ।

नेपाली कांग्रेसको सांसद शान्ति विकले भेदभावरहित समाज निर्माणका लागि आह्वान गर्नुभयो । उहाँले राजनीतिक व्यवस्था परिवर्तन भएता पनि दलित समुदायप्रतिको सोच र व्यवहार परिवर्तन हुन नसक्नु राजनीतिक दलका लागि चुनौतीको विषय भएको बताउनुभयो ।

नेपाली कांग्रेसका सांसद रमा कोइराला पौड्यालले प्रतिपक्षको भूमिका निर्वाह गर्दा आफूहरूमाथि सरकारबाट बल प्रयोग भएको आरोप लगाउनुभयो । रासस

# उत्तेजक अभिव्यक्ति नदिन महानगरप्रमुख शाहलाई सांसद भट्टराईको सुझाव



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) सांसद योगेशकुमार भट्टराईले राजनीतिक नेतृत्वप्रति उत्तेजक अभिव्यक्ति नदिन काठमाण्डु महानगरपालिकाका प्रमुख बालेन्द्र शाहलाई आग्रह गर्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा नेता भट्टराईले काठमाण्डु महानगरप्रमुख शाहले राजनीतिक व्यवस्था परिवर्तनको संवाहक राजनीतिक दलका नेताहरूको जेलजीवनको उपहास गरेकामा आपत्ति जनाउनुभयो । "हामी काठमाण्डु महानगरपालिकाका प्रमुखलाई सहयोग गर्न तयार छौं । एमलेका अध्यक्ष केपी शर्मा नेतृत्वको सरकारले काठमाण्डुको फोहोर व्यवस्थापनका लागि सहयोग गरेको हो," सांसद भट्टराईले प्रमुख शाहप्रति लक्ष्य गर्दै भन्नुभयो, "काठमाण्डुलाई अझ सुन्दर बनाउन तपाईंको योजना के छ ? आउनूहोस् हामीसँगै काम गरौं । उत्तेजना फैलाउने उच्छृङ्खल गतिविधि नगर्न म आग्रह गर्छु ।"

सांसद भट्टराईले सहकारी ठगी छानबिन गर्न गठित संसदीय छानबिन समितिले सहकारीका तमाम नीतिगत समस्याका सन्दर्भमा स्पष्ट धारणा पेस गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सबै प्रकरणमा आफ्नो पार्टी अनुसन्धानका लागि तयार भएको बताउनुभयो ।

"गिरिबन्धुको विषय लिएर हाम्रो पार्टी, पार्टी अध्यक्षमाथि नियोजित ढङ्गले आक्षेप लगाइएको छ", सांसद भट्टराईले भन्नुभयो प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सदनमा अवरोध गरेका कारण जनताका धेरै विषय सदनमा उठाउन नसकिएको बताउनुभयो । रासस

# महिला मन्त्रालयलाई कम महत्व दिनु गैरजिम्मेवार : मन्त्री चौधरी



*राज्यको अर्थतन्त्रले भविष्य कस्तो बनाउने खाका निर्धारण गर्छ । अर्थमन्त्री वर्षमान पुनले गत मङ्गलबार २०८१/८२ को बजेट भाषण गर्नुभयो । जसमा सबैभन्दा बढी बजेट अर्थ मन्त्रालयका लागि विनियोजन भएको छ मन्त्रालयभरिमा सबैभन्दा कम बजेट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई रहेको छ । आगामी आर्थिक वर्षमा महिला मन्त्रालयलाई रु एक अर्ब ६० करोड मात्रै बजेट छुट्याइएको छ । सधैं जस्तै महिला मन्त्रालय पुरानै बजेटमा चित्त बझाउनुपर्ने बाध्यतामा छ । मन्त्री भगवती चौधरीले बजेटमा विभेद भएको महसुस गर्नुहुन्छ । आधा प्रतिशत जनसङ्ख्या रहेको महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिलगायत सबैको अभिभावकत्व गर्नुपर्ने मन्त्रालयलाई कम महत्व दिन खोजिनु नहुने उहाँको भनाइ छ । आर्थिक सर्वेक्षण २०८० मा सङ्घीय संसद्मा महिला प्रतिनिधित्व ३३ दशमलव पाँच प्रतिशत, प्रदेशमा ३६ दशमलब ३६ प्रतिशत र स्थानीय तहमा महिला प्रतिनिधित्व ४१ प्रतिशत रहेको तथ्याङ्क छ । गणतन्त्रपछि समानुपातिक सहभागिताको प्रतिनिधित्वको प्रतिफल राम्रो देखिए पनि महिलाहरू नेतृत्व तहमा भने पुग्न नसकेको उहाँको भनाइ छ । उहाँ राज्यको वास्तविक विकास महिला एवं सीमान्तकृत वर्गको उन्नतिबाटै सम्भव छ भन्नुहुन्छ । प्रस्तुत छ, यिनै सवालहरूको सेरोफेरोमा मन्त्री चौधरीसँग गरिएको कुराकानीको सम्पादित अंश :*

**प्र. तपाईंले महिला मन्त्रालय जिम्मेवारी सम्हाल्नेबित्तिकै सीमान्तकृत महिला लक्षित कार्यक्रम ल्याउने बताउनुभएको थियो । कस्तो कार्यक्रम भन्न खोज्नु भएको हो ?**

- तल भएको जो गरिबीको रेखामुनि भन्दा तल छ । विश्वमा दुई डलरभन्दा कम आम्दानीलाई बुझिन्छ । त्योभन्दा कम कमाउने व्यक्तिलाई भुइँमान्छे भन्छन् । नेपालले पनि तोकिदिएको छ, न्यूनतम ज्याला दैनिक पाँच सय ज्याला भनेर त्यो ज्याला पनि नपाउने मान्छे कति छन् त ? त्यस्ता व्यक्तिलाई हामीले टिप्नु पऱ्यो । अहिले हामीले 'छोरी आत्मनिर्भर' कार्यक्रममा यिनै भुइँमा परेका छोरी, बुहारी लक्षित कार्यक्रम अघि सारेका छौं । उनीहरूको क्षमता विकासका लागि आवश्यक पर्ने सम्पूर्ण आधारशिलामा जोड दिइरहेका हुन्छौं । त्यस्तै, बजार पनि जोड्न खोजेका छौं । उनीहरू साना उद्यमी बनाएर दुईचार जनालाई रोजगार दिन सक्ने समेत हुन सकून् । सीमान्तकृत भनेको सामाजिक, सांस्कृतिक, आर्थिक, जातीय एवं वर्गीय दृष्टिले एकदमै तल परेकालाई अवसर दिनु हो । यस्तो समुदायलाई कसैले सोध्दै न सोध्ने, वास्तै नगर्ने गरिएको छ । यो सीमान्तकृतको सिद्धान्तअनुसार व्यवहार भएनन् नि । त्यसैले मैले पिँधमा परेका समुदायको प्राथमिकता दिनु भन्ने गर्छु ।

**प्र. 'बजेटमा प्रधानमन्त्री छोरी' कार्यक्रम, 'आगामी वर्ष महिला उद्यमी वर्ष मनाउने' जस्ता योजनाहरू बजेटमा आएका छन् । यी कार्यक्रमहरूको कार्यान्वयन हुनेमा तपाई कत्तिको विश्वस्त हुनुहुन्छ ?**

-छोरीको सन्दर्भमा योजना बन्दा सकारात्मक नहुने त कुरै भएन, तर शीर्षक भएर मात्रै आनन्द दिने स्थिति छैन । योजना साकार पार्ने पैसाले हो । यसमा धेरै आशा गर्न सक्ने अवस्था छैन ।

**प्र. बजेट पर्याप्त भएन भन्न खोज्नुभएको हो ?**

- मैले भन्नुभन्दा पनि बजेट शैलीले नै त्यही प्रस्ट भन्छ । बजेट हामीले सोचेजस्तो आएन । महिलाका क्षेत्रमा बजेट एकदमै अपर्याप्त छ । हामीले सोचेका थियौं केही नभए पनि नमूना कार्यक्रमका रूपमा दुई सय पालिकामा यस पालि छोरी आत्मनिर्भर कार्यक्रम पुऱ्याउनु पर्छ भन्ने थियो । हामीले पाँच वर्षको कार्ययोजना बनाएका थियौं । सबै वडामा समान वितरण गर्नका लागि सात सय ५३ वटा स्थानीय तहमा पुऱ्याउन पाँच वर्षमा रु १६ अर्ब लगभग बजेट चाहिन्थ्यो । यो पुरानो कार्ययोजनाका लागि कम्तीमा एकदुई करोड मात्रै बजेट छुट्टिएको भए केही प्रभावकारी काम गर्न सकिन्थ्यो । प्रधानमन्त्रीले कम्तीमा तीन/चार करोड आउला भन्दै हुनुहुन्थ्यो । हामी ढुक्क जस्तै भएका थियौं, तर बजेट पहिले जस्तै झुक्काएर आयो । पहिलेको बजेट हेरेर महिला मन्त्रालयलाई सिलिङ कमै दिएको हो ।

**प्र. सीमित बजेटमा रहेर मन्त्रालयको थुप्रै जिम्मेवारीहरू कसरी सम्पादन गर्नुहुन्छ त ?**

- आधा प्रतिशत जनसङ्ख्या रहेको महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिलगायत सबैको अभिभावकत्व गर्नुपर्ने मन्त्रालयमा बजेट दिन कन्जुस्याइँ गर्दा सोचेजस्तो र भनेजस्तो कार्य सम्पादन हुन कठिन हुन्छ । काम धेरै गर् भन्ने स्रोत दिन नसक्ने । साँच्चिकै यो त पितृसत्तात्मक सोचबाट राज्य नै उम्किन नसकेको हो कि भन्ने कता कता भान हुन्छ । अर्थमन्त्रालयको नेतृत्वमा महिला नहुँदा लैङ्गिकताप्रतिको सोच फराकिलो नभएको हो कि भनेर अर्थमन्त्री र सम्मानीय प्रधानमन्त्रीसँग भनेकै हुँ । अपाङ्ता भएका व्यक्तिहरूले नैसर्गिक अधिकारको माग गर्दै आन्दोलन गरिरहनुभएको छ । उहाँहरूको मागलाई सम्बोधन गर्नका लागि कम्तीमा आठ/दश करोड जरुरत पर्ने भएकाले माग गरिएको थियो । त्यस्तै, बाल सुधार गृहको अवस्था नाजुक छ । यसको परामर्शपछि शिक्षाको पाटोमा समेत लगानी गर्नुपर्ने अवस्था छ ।

**प्र. सरकारले बजेट भाषणमा ल्याएको 'प्रधानमन्त्री छोरी कार्यक्रम' को १० करोड बजेट विनियोजन गर्ने भनेको छ । के यो पनि पर्याप्त छैन र ?**

- मैले बजेट भाषणपछि प्रधानमन्त्रीलाई भेटेर यस विषयमा छलफल नै गरेको छु । प्रधानमन्त्री छोरी कार्यक्रम जति विशाल सन्देश दिएको छ, त्यति बजेट हेर्दा खुम्चिएको पाएँ । छोरी उत्थान नै गर्न भनेर बनाएको कार्यक्रममा सरकारले खुलेर लगानी गर्नुपर्छ । यसलाई नमूना कार्यक्रमका रूपमा सुरु गर्ने भनिएको छ ।

**प्र. कानुन तथा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व बढ्दै गएको आर्थिक सर्वेक्षणले देखाएको छ । यसको सङ्केत अब महिला प्रतिनिधित्वमा सन्तुष्टि हुने बेला आएको हो ?**

- गणतन्त्रपछि समानुपातिक सहभागिताको प्रतिनिधित्वको प्रतिफल यस्तो देखिनु स्वाभाविक हो । यसलाई सहभागितामा महिला आए भन्न मिल्छ तर नेतृत्वमा पुगे भन्न चाहिँ अलि मिल्दैन । अहिले पनि महिलाको निर्णयात्मक तहमा अवरोध खडा गर्ने, हस्तक्षेप गर्ने प्रवृत्ति उस्तै छ । महिला आफैं पनि कसरी निर्णयात्मक तहमा पुग्न क्षमता विकास गर्न सकिरहेका छैनन् । जस्तै, स्थानीय तहको एउटा उपप्रमुख/उपाध्यक्षको अधिकार क्षेत्र व्यापक हुन्छ । उहाँहरूले त्यो अधिकारको भरपुर प्रयोग गर्न सक्नुभएको छैन । अब वडा सदस्यहरू त आलङ्कारिक पद मात्रै हो । वडाको कुन योजना कहाँ लाग्ने ? कसरी लागू गर्ने ? अधिकांशलाई थाहै हुँदैन ।

**प्र. तपाईंको विचारमा सहभागिता र नेतृत्व फरक हुन् ?**

-पक्कै पनि सहभागिता र नेतृत्व यी दुई शब्द फरक हुन् । सहभागिता हुँदैमा नेतृत्वदायी भूमिकामा आएको भन्न मिल्दैन । अहिले स्थानीय तहमा तपाईं हेर्न सक्नुहुन्छ, वडाध्यक्ष महिला कति नै छन् र ? औंलामै गन्न सकिन्छ । उपप्रमुख पनि थोरै नै छन् । सङ्घीय सरकारमा पनि उस्तै छ अवस्था । नेतृत्व तहमा ३३ प्रतिशत नै पुग्न पनि गाह्रो छ ।

**प्र. छोरीलाई सशक्त बनाउने आधारहरू के के होलान् ?**

- छोरी पहिला शिक्षित हुनुपर्छ । शिक्षित बनाउने नीति राज्यले नै ल्याउनुपर्छ । शिक्षा मन्त्रालयले केही प्रयास गरेको छ । पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको पालामा उच्च शिक्षाको प्रमाणपत्र देखाएर ऋण लिन पाउने भन्ने भनिएको थियो । त्यो पनि बैङ्क तथा वित्तीय संस्थाले सहजै दिँदो रहेनछ । धितो नै खोज्दो रहेछ । त्यसकारण त्यसको सुनिश्चित गर्नका लागि अर्को जुनसुकै सरकार आए पनि त्यो कार्यक्रम निरन्तर गर्नुपर्थ्यो । अघिल्लो वर्ष नै विभिन्न मन्त्रालयमा पुगेर तपाईंको बजेट लैङ्गिकमैत्री भएन भन्दै झक्झकाउने काम गर्दै आएका थियौं । सबैको सहयोगले मात्र छोरी सशक्त बन्न सक्छिन् । अर्को पछिल्लो समय आवश्यक भनेको 'प्रतिरक्षात्मक' तालिम दिन जरुरी छ । घरेलु हिंसा, मानव बेचबिखनलगायत शारीरिक यातनाबाट महिलाहरू पीडित छन् । यो सङ्ख्या तुलनात्मक रूपमा बढ्दो छ । बाटोमा हिँड्दाहिँड्दै, घरमा बस्दा, कार्यालयभित्र जहाँ त्यहीँ छोरी शारीरिक रुपले असुरक्षित बन्दै गएका छन् । अबका छोरीहरूलाई आत्मनिर्भरतासँगै प्रतिरक्षात्मक तालिम दिन आवश्यक छ । स्कूलबाटै प्रतिरक्षात्मक तालिम दिनुपर्छ । अहिले हामीले स्कूलस्तरमा तालिम दिने भनेर बजेटमा केही रकम छुट्याएका छौं ।

**प्र. तालिमले नै महिला हिंसा रोकिएला त ?**

- महिला कसैको छोरी हो, कसैको श्रीमती हो र कसैको बुहारी हो । जब तपाईंले कुनै महिलालाई आफ्नै सदस्य हुन् भन्ने सोच्नुहुन्छ, त्यतिबेला हिंसात्मक मानसिकता रोकिन्छ । कुनै पनि महिला वा किशोरीसँग गलत व्यवहार गर्नुपूर्व आफ्ना आमा सम्झिनूस् । हिंसा आफैं रोकिन्छ । रासस

# मेक्सिकोको पहिलो महिला राष्ट्रपति-निर्वाचित क्लाउडिया सेनबामलाई राष्ट्रपति बाइडेनको बधाई

**एएनआई**

वासिङ्टन डीसी । अमेरिकी राष्ट्रपति जो बाइडेनले मेक्सिकोको पहिलो महिला राष्ट्रपतिको रुपमा सरकारको नेतृत्व गर्ने ऐतिहासिक जीतका लागि क्लाउडिया सेनबामलाई बधाई दिनुभएको छ ।



"म क्लाउडिया सेनबामलाई मेक्सिकोको पहिलो महिला राष्ट्रपतिको रूपमा निर्वाचित भएकोमा उहाँको ऐतिहासिक जितका लागि बधाई दिन चाहन्छु", बाइडेनले सोमबार एक विज्ञप्तिमार्फत भन्नुभयो ।

"हामी दुई देशबिचको स्थायी बन्धनलाई प्रतिबिम्बित गर्ने साझेदारी र मित्रताको भावनामा राष्ट्रपति-निर्वाचित सेनबामसँग नजिकबाट काम गर्न उत्सुक छौँ । हाम्रा जनताको हितका लागि दुवै राष्ट्रको मूल्य र हितलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु", उहाँले भन्नुभयो ।

यसबाहेक, बाइडेनले मेक्सिकन जनतालाई राष्ट्रव्यापी लोकतान्त्रिक चुनाव सफलतापूर्वक सम्पन्न गरेकोमा बधाई दिनुभयो । "स्थानीय, राज्य र सङ्घीयस्तरमा बीस हजारभन्दा बढी पदका लागि भएको राष्ट्रव्यापी सफल लोकतान्त्रिक निर्वाचन प्रक्रिया सञ्चालन गरेकोमा म मेक्सिकन जनतालाई पनि बधाई दिन चाहन्छु" राष्ट्रपति बाइडेनले बताउनुभयो।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले मेक्सिकोको अर्को राष्ट्रपतिको रूपमा निर्वाचित हुनुभएकोमा क्लाउडिया सेनबामलाई बधाई दिनुभयो र दुई देशबीचको साझेदारीलाई बलियो बनाउन सहकार्यका लागि उत्सुकता व्यक्त गर्नुभयो ।

जलवायु वैज्ञानिक तथा मेक्सिको सहरकी पूर्वमेयर क्लाउडिया सेनबाम मेक्सिकोको पहिलो महिला राष्ट्रपतिमा निर्वाचित हुनुभएको हो । उहाँ यो पद सम्हाल्ने यहुदी सम्प्रदायकी पहिलो यहुदी नेता पनि हुनभएको पोलिटिकोले जनाएको छ ।

मेक्सिकोको निर्वाचन कार्यालयबाट प्राप्त प्रारम्भिक परिणामअनुसार ६१ वर्षीया सेनबामले लगभग ५८ प्रतिशत मत प्राप्त गर्नुभएको थियो ।

मतदातालाई समर्थनका लागि कृतज्ञता व्यक्त गर्दै सेनबामले यसलाई ऐतिहासिक क्षण रहेको बताउनुभयो । सेनबामले भन्नुभयो, "गणतन्त्रको दुई सय वर्षमा पहिलोपटक म मेक्सिकोको पहिलो महिला राष्ट्रपति बन्नेछु । हामीले पूर्णरुपमा लोकतान्त्रिक मेक्सिको हासिल गरेका छौँ ।"

# भारतमा फेरि मोदी

**एजेन्सीहरु**

नयाँदिल्ली ।भारतमा सम्पन्न लोकसभाको निर्वाचनबाट प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको एनडीए गठबन्धनले सरकार बनाउने बहुमत प्राप्त गरेको छ ।

भारतमा ६२ वर्ष पछि मोदी लगातार तेस्रो पटक प्रधानमन्त्री बन्न लागेका छन् ।तर उनी सम्बद्ध भारतीय जनता पार्टीले सरकार बनाउने एकल बहुमत सारेर मत मागेका थिए ।उनीहरुले यसपटकको परिणाम ४ सय नाघ्ने विश्वास गरेका थिए ।

भारतीय राष्ट्रिय कांग्रेस नेतृत्वको विपक्षी गठबन्धन इण्डियाले २ सय ३४ स्थान ल्याउने देखिएको छ ।कांग्रेसले गत चुनावमा प्राप्त गरेको सीट भन्दा यस पटक झण्डै दोब्बर ल्याएको छ ।

एनडीए गठबनधनलाई



हासिल गर्न असफल भएको छ ।५ वर्ष पूर्व भएको निर्वाचनको भन्दा एनडीए गठबन्धनलाई यस पटक ५२ सीटको क्षति भएको देखिन्छ ।

एनडीए गठबन्धनले मोदीको अनुहार र कामलाई अगाडि उत्तरप्रदेश र बिहारमा अनपेक्षित धक्का लागेको छ ।मध्य प्रदेश, गुजरात, ओडिसा लगायतका राज्यहरुमा उल्लेख्य सफलता प्राप्त गरेको छ ।मतगणनाको सबै परिणाम बुधवार बिहान सम्म घोषणा हुनेछ ।

# दक्षिण अफ्रिकाको विजयी सुरुवात




काठमाण्डु । दक्षिण अफ्रिकाले आइसिसी टि-२० विश्वकप २०२४ मा विजयी सुरुवात गरेको छ । समूह डी अन्तर्गत न्यूयोर्कमा भएको खेलमा दक्षिण अफ्रिकाले श्रीलंका माथि ६ विकेटको जित दर्ता गर्दै सुखद सुरुवात गरेको हो ।

ब्याटिङका लागि केही असहज रहेको पिचमा खेलाईएको खेलमा श्रीलंकाले दिएको ७८ रनको झिनो लक्ष्य दक्षिण अफ्रिकाले १६.२ ओभरमा ४ विकेट गुमाएर भेटायो । झिनो लक्ष्य रहेपनि ब्याटिङ गर्न दक्षिण अफ्रिकी ब्याटरहरुलाई समयमा उत्पन्न भएको थियो । तर अन्त्यमा दक्षिण अफ्रिकाले सहजै लक्ष्य भेटायो ।

जितमा दक्षिण अफ्रिकाका लागि क्विन्टन डीककले २७ बलमा २० रन बनाए । यस्तै हेनरीक क्लासेन २२ बल खेल्दै १९ रनमा अविजित रहे । ट्रिस्टन स्टब्सले २८ बलमा १३ रन बनाएर आउट भए । कप्तान एडन मारक्रमले १२ रन जोडे ।

श्रीलंकाका लागि वानिन्दु हसरंगाले २ तथा दसुन शनाका र नुवान थुसराले १-१ विकेट लिए ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको श्रीलंका १९.१ ओभरमा ७७ रनमा समेटिएको थियो । कुशल मेण्डिसले ३० बल खेल्दै सर्वाधिक १९ रन बनाए । एन्जेलो म्याथ्युजले १६ तथा कामिन्दु मेण्डिसले १६ रन जोडे ।

दक्षिण अफ्रिकाका एनरिक नोर्टजे एक्लैले ४ विकेट लिए । केशव महाराज र कागिशो रबाडाले २-२ विकेट लिँदा १ विकेट ओटनिल बार्टमनको नाममा रह्यो ।

दक्षिण अफ्रिका र श्रीलंका बाहेक यस समूहमा नेपाल, नेदरल्याण्ड्स र बंगलादेश रहेका छन् । नेपालले मंगलबार बेलुका नेदरल्याण्ड्सको सामना गर्दै १० वर्षपछि टि-२० विश्वकपमा पुनरागमन गर्नेछ ।

# पाकिस्तानको कोइला खानीमा दुर्घटना हुँदा ११ जनाको मृत्यु

**एएफपी**

कराची । पाकिस्तानको दक्षिणपश्चिमी प्रान्त बलुचिस्तानको कोइला खानीमा सोमबार ग्यास चुहावट भई दुर्घटना हुँदा ११ जनाको मृत्यु भएको एक अधिकारीले बताएका छन् ।

युनाइटेड कोल कम्पनीद्वारा सञ्चालित यो खानी प्रान्तीय राजधानी क्वेटाबाट ४० किलोमिटर टाढा अवस्थित छ ।

मार्चमा सोही प्रान्तमा ग्यास विस्फोट हुँदा १२ जना खानी मजदुरको मृत्यु




खानीमा ग्यास चुहावट भएपछि श्वासप्रश्वासमा असहज भएका कारण मृत्यु भएको प्रान्तीय सरकारको खानी विभागका प्रमुख अब्दुल घानी बलोचले बताए । उनका अनुसार मृतकमा एक ठेकेदार र एक खानी प्रबन्धक पनि थिए । निजी कम्पनी भएको थियो । बलुचिस्तान पाकिस्तानको सबैभन्दा ठुलो र सबैभन्दा गरिब प्रान्त हो जुन प्राकृतिक स्रोतहरूमा धनी भएता पनि यसलाई स्थानीयले लामो समयदेखि आफ्नो समुदायबीच निष्पक्षरूपमा नबाँडिएको भनेर गुनासो गर्दै आएका छन् ।

# हमासलाई गाजा युद्ध अन्त्य गर्ने इजरायली प्रस्ताव स्वीकार गर्न जी-सेभेन समूहका नेताको आह्वान

**एएनआई**

वासिङ्टन डीसी । जी-सेभेन (सातको समूह)का नेताले मङ्गलबार अमेरिकी राष्ट्रपति बाईडेनले रेखाङ्कित गरेको इजरायलको विस्तृत सम्झौतालाई समर्थन गर्नुका साथै हमासलाई यो सम्झौता स्वीकार गर्न आह्वान गरेका छन् ।



"हामी, सातको समूह (जी-सेभेन)का नेताहरू गाजामा तत्काल युद्धविराम, सबै बन्धकको रिहाइ, गाजामा मानवीय सहायताको पहुँच र दिगो वृद्धि, इजरायली सुरक्षा र गाजाको नागरिक सुरक्षाको आश्वासन साथै सङ्कटको स्थायी अन्त्य हुने राष्ट्रपति बाइडेनले उल्लेख गरेको विस्तृत सम्झौताको पूर्णसमर्थन गर्दछौं", जी-७ का नेताले एक विज्ञप्तिमार्फत जनाएका छन् ।

"दुई राज्यबीचको सम्बन्ध सुधारका लागि शान्तितर्फको विश्वसनीय मार्गमा हाम्रो समर्थन छ", उनीहरूले भने । "यो सम्झौतामा अगाडि बढ्न इजरायल तयार छ र हमासलाई पनि यो प्रस्ताव स्वीकार गर्न आह्वान गर्दछौं", जी-७ का नेताले विज्ञप्तिमा बताएका छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार इजरायलले गाजामा हमाससँग चलिरहेको युद्धको युद्धविरामका मार्ग प्रदान गर्ने नयाँ प्रस्ताव प्रस्तुत गरेको घोषणा गर्नुभएको हो । अमेरिकी राष्ट्रपति बाइडेनले कतारका अमिरसँग आज बिहान कुराकानी गरी हमासलाई सम्झौता स्वीकार्नका लागि सबै उपयुक्त उपाय अवलम्बन गर्न आग्रह गर्नुभएको हो ।

यस हप्ताको सुरुमा बन्धकको रिहाइ र युद्धविराम सम्बन्धमा भएको वार्तामा इजरायलले नयाँ प्रस्ताव प्रस्तुत गरेको नयाँ विचारको विवरण खुलासा नगरी वार्तासँग परिचित एक कूटनीतिक स्रोतले मङ्गलबार सिएनएनलाई बताएका हुन् ।

## टी-२० विश्वकप :
# विजेतालाई कम्तीमा ३२ करोड पुरस्कार




काठमाण्डु । वेस्ट इन्डिज र अमेरिकामा भइरहेको आइसिसी टी-२० विश्वकपको नवौं संस्करणको विजेताले कम्तिमा २.४५ मिलियन अमेरिकी डलर पुरस्कार (३२ करोड ५६ लाख रूपैयाँ बढी) जित्ने भएको छ।

२० टोलीबीच प्रतिस्पर्धा भइरहेको प्रतियोगिताको फाइनल बार्बाडोसको किङ्गटनमा हुँदैछ। सो फाइनलमा पराजित हुने टोलीले १.२८ मिलियन डलर प्राप्त गर्नेछन्। सेमिफाइनलमा हार्ने टोलीले ७ लाख ७८ हजार डलर प्राप्त गर्नेछन्।

प्रतियोगिताको कुल पुरस्कार राशी ११.२५ मिलियन डलर रहेको छ।

सुपर-८ बाट बाहिरिने चार टोलीले ३ लाख ८२ हजार डलर प्राप्त गर्नेछन्। यस्तै नवौं, १०औ, ११औं र १२औं स्थानमा रहने प्रत्येक टोलीले २ लाख ४७ हजार प्रपात गर्नेछन्।

यस्तै १३औं देखि २०औं स्थानमा रहने सहभागी टोलीले २ लाख २५ हजार अमेरिकी डलर प्राप्त गर्नेछन्।

प्रत्येक टोलीले सेमिफाइनल र फाइनल बाहेक प्रत्येक खेल जित्दा अतिरिक्त ३१ हजार १५४ डलर प्राप्त गर्नेछन्। प्रतियोगितामा नेपाल समूह 'डी' छ। नेपालले प्रतियोगिता खेल्नुअघि नै कम्तिमा २ लाख २५ हजार अमेरिकी डलर (झन्डै ३ करोड रुपैयाँ) पाउने पक्का भइसकेको छ। यस्तै एक खेल जिते थप ४१ लाख रूपैयाँ बढी प्राप्त गर्नेछ।

५५ खेल हुने यो प्रतियोगिता वेस्ट इन्डिज र अमेरिकाका नौ रंगशालामा २८ दिनसम्म खेलाइदैछ। जसका कारण यो विश्वकप अहिलेसम्मकै ठूलो बनेको छ।

सुपर ८ अघि ४० समूह चरणका खेल हुनेछन्। दुई समूहमा हुने सुपर-८ बाट चार टोली सेमिफाइनल पुग्नेछन्।

# बाढीका कारण मृतकको सङ्ख्या १८, छ लाखभन्दा बढी प्रभावित

**सिन्ह्वा**

नयाँदिल्ली ।भारतको उत्तरपूर्वी राज्य आसममा जारी बाढीले छ लाखभन्दा बढी मानिस प्रभावितलाई असर गर्नुका साथै १८ जनाको मृत्यु भएको मङ्गलबार अधिकारीले बताएका छन् ।

बाढीले दश जिल्ला होजाई, करिमगञ्ज, मोरिगाँव, नगांव, दिमा-हसाओ, कछार, डिब्रुगढ, हैलाकान्डी, गोलाघाट र कार्बी आङ्लोङ पश्चिममा असर पारेको छ भने स्थिति गम्भीर छ ।

आसममा दश जिल्लामा छ लाख २५ हजार तीन सय १८ जना मानिस बाढीबाट प्रवावित भएको एक अधिकारीले जनाएका छन् । विगत २४ घण्टामा चार जनाको ज्यान गएसँगै बाढीबाट मर्नेको सङ्ख्या १८ पुगेको हो । यसैगरी कछार जिल्लामा चार जना बेपत्ता भएको जनाइएको छ ।

अधिकारीले हाल पाँच सय ७७ गाउँ डुबानमा परेको जनाउदै प्रभावित जिल्लामा करिब छ हजार २३ हेक्टर बाली क्षेत्र क्षतिग्रस्त भएको उल्लेख गरेका छन् ।

आसम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एएसडीएमए)का अनुसार स्थानीय सरकारले प्रभावित क्षेत्रमा एक सय ९१ राहत शिविर तथा एक सय ८ वितरण केन्द्र खोलेको छ ।

प्रभावित क्षेत्रमा रेल ट्र्याकमा क्षति पुगेको कारण केही रेलसेवा पनि रद्द गरिएको अधिकारीले बताएका छन् ।

यसैबीच, बाढी प्रभावित जिल्लामा उद्धार तथा राहतका लागि राष्ट्रिय विपद् प्रतिक्रिया बल (एनडीआरएफ) र राज्य विपद् प्रतिक्रिया बल (एसडीआरएफ) का कर्मचारी तैनाथ गरिएको छ ।

गत महिना पश्चिम बङ्गालाल र बङ्गलादेशको तटमा आएको चक्रवात र भारी वर्षापछि आसम र मणिपुरका राज्यमा बाढी आएको थियो ।

# दक्षिण कोरियाद्वारा उत्तर कोरियासँगको सैन्य सम्झौता निलम्बन गर्ने निर्णय अनुमोदन



**सिन्ह्वा**

सियोल । दक्षिण कोरियाले मङ्गलबार डेमोक्र्याटिक पिपुल्स रिपब्लिक अफ कोरिया (डीपीआरके)सँग सेप्टेम्बर-१९ मागरेको सैन्य सम्झौताको पूर्ण निलम्बन गर्ने निर्णय अनुमोदन गरेको छ ।

अघिल्लो दिन राष्ट्रिय सुरक्षा परिषद् (एनएससी)को कार्यस्तरीय बैठकमा निर्णय गरेपछि प्रधानमन्त्री हान डक-सूको अध्यक्षतामा मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले यसलाई अनुमोदन गरिएको हो ।

एनएससीले दुई पक्षबिच आपसी विश्वास पुनःस्थापित नभएसम्म सैन्य सम्झौताको सम्पूर्ण प्रभाव रोक्ने निर्णय गरेको छ ।

सन् २०१८ मा प्योङ्याङमा भएको अन्तर-कोरियाली शिखर सम्मेलनमा सीमापारका सबै शत्रुतापूर्ण कार्य रोक्नका लागि दुवै पक्षका रक्षा प्रमुखले सम्झौतामा हस्ताक्षर गरेका थिए ।

# श्रीलङ्कामा मनसुनी आँधीबाट २६ को मृत्यु, सहयोगका लागि सेना परिचालन

कोलोम्बो । श्रीलङ्कामा भारी मनसुनी वर्षा र पहिरोबाट कम्तीमा २६ जनाको मृत्यु भएको छ । सरकारले मङ्गलबार सेनालाई बाढी र पहिरोबाट विस्थापित हजारौँलाई सहयोग गर्न आदेश दिएको छ ।

मनसुनी वर्षा र पहिरोमा परी ४२ जना घाइते भएको र मुलुकका २५ मध्ये २३ जिल्लामा बाढीबाट एक लाख ३० हजार मानिस घरबारविहीन हुनुपरेको कनिष्ठ रक्षामन्त्री प्रेमिता तेनाकुनले संसद्लाई जानकारी दिनुभयो ।

"हामीले राहत कार्यमा सहयोग गर्न सेना परिचालन गरेका छौँ", उहाँले भन्नुभयो, "राहतको आपूर्तिमा सहयोग गर्न डुङ्गाहरू तैनाथ गरिएको छ ।"

श्रीलङ्का सिँचाइ र जलविद्युत्का लागि मौसमी मनसुन वर्षामा निर्भर छ । विज्ञहरूले जलवायु परिवर्तनका कारण विश्वमा गर्मी बढेकाले मुलुकले बारम्बार बाढीको सामना गर्नुपरेको चेतावनी दिएका छन् ।

श्रीलङ्काको प्रमुख मौसम ब्युरोले वर्षा कम हुने पूर्वानुमान गरेको छ तर बाढीको खतरा कम नभएको बताएको छ । तराईका क्षेत्रहरू जलमग्न भएका छन् ।

थप वर्षाको सम्भावना रहेकाले सरकारले साताको बिदापछि सोमबार पनि सबै विद्यालय बन्द गर्न निर्देशन दिएको थियो र सबैभन्दा नराम्ररी प्रभावित दक्षिणी प्रान्तमा धेरै विद्यालय मङ्गलबार पनि बन्द भएका छन् ।रासस

श्रद्धा सुमन



जन्म
१९५४ साल

स्व.रामस्वरूप साह

स्वर्गारोहण
२०१७/०२/२३

श्री धर्म संस्था (रामस्वरूप साह रामसागर साह) का संस्थापक द्वय मध्ये **रामस्वरूप साह**को आज ६४ औं पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको लागि जगत जननी जानकी मातासंग प्रार्थना गर्दै भावपूर्ण श्रद्धा सुमन अर्पण गदछौ ।

रामपल्टन साह, सचिव — प्रभाकर प्रसाद साह, उपसभापति — तारा चन्द्र प्रसाद साह, सभापति

श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)
मिल्स एरिया, जनकपुरधाम उपमहानगरपालिका, जनकपुरधाम-१ (परिवार)

# बेइजिङमा पर्यटन प्रवर्द्धन कार्यक्रम

काठमाण्डु । चीनको राजधानी बेइजिङस्थित नेपाली राजदूतावासले नेपाल पर्यटन बोर्ड र होटल एसोसिएसन अफ नेपाल (हान) सँगको सहकार्यमा बेइजिङमा पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना गरेको छ ।

त्यस अवसरमा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले नेपालका प्रमुख पर्यटकीय गन्तव्यबारे जानकारी दिँदै चिनियाँ समुदायलाई नेपाल भ्रमणका निम्ति प्रेरित गर्न त्यहाँका पर्यटन व्यवसायीलाई अनुरोध गर्नुभयो । नेपालको आर्थिक विकासको प्रमुख माध्यम पर्यटन उद्योग भएकाले यस क्षेत्रको विकासमा चिनियाँ उद्यमीहरूसँगको सहकार्य फलदायी हुने बतानुभयो ।

बेइजिङस्थित नेपाली राजदूतावासका अनुसार सोमबार भएको उक्त कार्यक्रममा होटल एसोसिएसन नेपाल (हान)का अध्यक्ष विनायक शाहले नेपालको पर्यटन उद्योग तथा उपलब्ध सुविधाबारे जानकारी दिनुभएको थियो ।

नेपाल पर्यटन बोर्डका निर्देशक सन्तोष पन्तले नेपालको पर्यटन सम्भाव्यतालाई केन्द्रमा राखेर 'नेपाल गन्तव्य' शीर्षकमा प्रस्तुति दिँदै नेपाल र चीनका पर्यटन व्यवसायीबीच निरन्तर सम्पर्क स्थापित हुनुपर्नेमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा नेपाली भूमिबाट सगरमाथा आरोहण गरेका १५ चिनियाँ पर्वतारोहीलाई सम्मान गरिएको थियो । चाइना एसोसिएसन इन ट्राभल सर्भिसका प्रतिनिधिसहित दुई सयभन्दा बढी नेपाली र चिनियाँ पर्यटन व्यवसायी तथा सञ्चारमाध्यमका प्रतिनिधि सहभागी थिए । रासस

# फोनपेले ल्यायो मोबाइल फोनमा रियल टाइम 'भ्वाइस नोटिफिकेशन' सुविधा




**टुडे समाचारदाता**

ज्नकपुरधाम । फोनपेले आफ्नो नयाँ आविष्कार स्वरुप, मोबाइल फोनहरूमा 'भ्वाइस नोटिफिकेशन' सेवा सुरु गरेको छ ।

फोनपे नेटवर्कका सबै व्यवसायहरूले फोनपे बिजनेस एप मार्फत भ्वाइस नोटिफिकेसन सेवा प्राप्त गर्न सक्नेछन् ।

फोनपे बिजनेस एप, एक मोबाइल एप हो जुन विशेष गरी व्यवसायहरूको सम्पूर्ण डिजिटल भुक्तानी लेनदेनहरूलाई एउटै प्लेटफर्ममा व्यवस्थित र ह्यान्डल गर्न डिजाइन गरिएको हो। यस नयाँ सुबिधाले फोनपे नेटवर्कमा आबद्ध व्यवसायहरूको क्यु.आर. भुक्तानी प्राप्त गर्ने अनुभवलाई पुनः परिभाषित गरेको छ। उक्त सुबिधाले एसएमएस मार्फत भुक्तानी पुष्टिकरणमा भर पर्नु पर्ने आवश्यकतालाई हटाएको छ ।

यो सेवालाई उपभोग गर्न फोनपे नेटवर्कका व्यवसायहरूले या त फोनपे बिजनेस एप डाउनलोड गरी, वा केवल फोनपे बिजनेस एप को नयाँ भर्जनमा अपडेट गरी, नोटिफिकेसन सेटिंङ्ग बाट भ्वाइस नोटिफिकेशन सुचारु गर्न सक्नेछन् ।

# सरकारले ऊर्जा क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखेको छः प्रधानमन्त्री

सङ्खुवासभा । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ऊर्जा क्षेत्रको विकासलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ । सङ्खुवासभा मकालु-५ को आमराङस्थित अरुण-३ जलविद्युत् आयोजनाको सुरुङको 'ब्रेक थ्रु' कार्यक्रममा उहाँले सन् २०२६ मा विकासशील मुलुकमा फड्को मार्ने र सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने प्राथमिकता निर्धारण गरेर काम गरिरहेको वर्तमान सरकारले पूर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राखेको बताउनुभयो ।

"यस आयोजनाबारे मैले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा जानकारी लिँदै आएको छु । सन् २०१४ नोभेम्बर २५ मा परियोजना विकास सम्झौतामा हस्ताक्षर भई हाल निर्माणाधीन अवस्थामा छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "हाल परियोजनाको उत्पादनतर्फ ७४ दशमलव ०९ प्रतिशत र प्रसारणलाइनतर्फ ३७ दशमलव ९५ प्रतिशत भौतिक प्रगति भएकामा खुसी लागेको छ ।"

आयोजना निर्माणपछि देशको विद्युत् व्यापारमा महत्वपूर्ण योगदान हुने विश्वास प्रधानमन्त्री दाहालले व्यक्त गर्नुभयो । "यस परियोजनाका लागि आवश्यक जग्गा प्राप्तिलगायत आवश्यक सहयोग र सहजीकरण गर्दै निर्धारित समयमै आयोजनाको बाँकी काम सम्पन्न गर्न म सम्बन्धित पक्षलाई निर्देशन दिन्छु" उहाँले भन्नुभयो ।

प्रधानमन्त्री दाहालले अघिल्लो महिना आफूले काठमाण्डु-नौबिसे सुरुङमार्ग र बहुद्देश्यीय मरिन डाइनर्सन परियोजनाको 'ब्रेक थ्रु' गरेको स्मरण गर्दै उहाँले राष्ट्रिय प्राथमिकताका आयोजनाहरूको अनुगमन र जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट श्रव्यदृश्यका माध्यमबाट लिइरहेको जानकारी दिनुभयो । उक्त कार्यालयबाट आयोजना निर्माणमा देखिएको समस्या पहिचान गरी समाधानका निम्ति आवश्यक सहजीकरण हुँदै आएको उहाँले बताउनुभयो । आगामी दिनमा यस्ता आयोजनाहरूको नियमित अनुगमन गरी कार्यतालिका नै बनाएर अगाडि बढ्ने सोच आफूले बनाएको उहाँले बताउनुभयो ।

"मैले पटक-पटक भन्दै आएको छु, भौतिक विकासलाई व्यवस्थित गर्दै जाँदा मानवीय विकासका क्षेत्रमा पनि छिटो प्रगति गर्न सकिन्छ । यसलाई मैले नेपाल सुरूङ युगमा प्रवेश गरेको विम्बद्वारा विकास र समृद्धिको यात्रामा लामबद्ध हुन अपिलसमेत गर्दै आएको छु", उहाँले भन्नुभयो ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमा ऊर्जा क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखेको भन्दै प्रधानमन्त्रीले यस आयोजनाबाट उत्पादन हुने नौ सय मेगावाट विद्युत्सहित राष्ट्रिय प्रणालीको विद्युत् क्षमता चार हजार पाँच सय मेगावाट पुऱ्याइने बताउनुभयो । "आगामी आर्थिक वर्षदेखि बङ्गलादेशमा विद्युत् निर्यात गर्ने व्यवस्था मिलाउने, विद्युत् प्रसारण लाइन निर्माण र वितरणमा निजी क्षेत्रसमेत सहभागी हुने गरी कानुनी प्रबन्ध गर्ने, जलाशययुक्त आयोजनामा बाँध र विद्युत्गृह छुट्टाछुट्टै प्रवर्द्धकबाट निर्माण गर्नेगरी निजी क्षेत्रको लगानी आकर्षित गर्ने प्रावधान बजेटमा समेटिएको छ", प्रधानमन्त्रीले भन्नुभयो ।



प्रधानमन्त्री दाहालले यस वर्ष सुक्खायामको मागलाई पूर्ति गर्न बूढीगण्डकी, दूधकोशी र नलसिङ् गाड जलाशययुक्त जलविद्युत् आयोजना तथा नौमुरे बहुउद्देश्यीय जलविद्युत् आयोजनाको निर्माण सुरू गर्ने, वैदेशिक रोजगारीमा गएका व्यक्तिको लगानीमा घुन्सा र सिम्बुवा जलविद्युत् जलविद्युत् परियोजनाको प्रसारण लाइन टावर प्याड निर्माणका लागि जग्गा प्राप्ति र स्थानीयसँग सहजीकरण गरी अवरोध हटाउने जिम्मेवारी पनि थपिएको बताउनुभयो । परियोजनाबाट पिडिएअनुसार प्रभावित परिवारलाई निःशुल्क विद्युत्, राजस्व र आयकर, स्थानीयका लागि शेयर, रोजगारी र तालिम, स्थानीय समुदायको विकास, प्रविधि हस्तान्तरण र सम्झौता अवधिपश्चात् चालु अवस्थामा नेपाल सरकारमा हस्तान्तरण हुने यो राष्ट्रिय प्राथमिकता प्राप्त परियोजना भएकाले तोकिएकै समयमा परियोजना सम्पन्न गर्न सबैको सहयोग आवश्यक भएकामा प्रधानमन्त्रीले जोड दिनुभयो ।

"तोकिएको मितिमा व्यावसायिक उत्पादन सुरू नभएमा वा कुनै कारणले उत्पादन ढिला हुन गएमा अनुमानित तथ्याङ्कअनुसार प्रतिदिन रू दुई करोड २७ लाख नेपाल सरकारलाई आर्थिक क्षति हुने भएकाले यसलाई गम्भीर रूपमा लिएर आवश्यक सहजीकरणका निम्ति स्थानीय तहमा क्रियाशील राजनीतिक दल, नागरिक समाज र स्थानीय जनसमुदायमा विशेष अनुरोध गर्दछु", उहाँले भन्नुभयो ।

आयोजना प्रभावित स्थानीयहरूको मागका विषयमा आफू जानकार रहेको भन्दै प्रधानमन्त्रीले स्थानीय जनसमुदायको चासो सम्बोधन गर्न सरकार गम्भीर रहेको बताउनुभयो । "सरकारको अनुरोध छ, विकास र समृद्धि देशको साझा लक्ष्य हो । ठूला परियोजनाहरू समयमै सम्पन्न हुँदा त्यसले राष्ट्रिय अर्थतन्त्रमा मात्रै योगदान पुग्दैन, स्थानीय साधनस्रोतको उपयोग, रोजगारी सृजना, स्थानीय विकासका क्षेत्रमा नयाँ-नयाँ अवसरहरूको सिर्जना र विकासको ढोकासमेत खुल्दछ । तसर्थ, विकासका काममा सहकार्य र सहजीकरणको बाटोबाट समाधान खोज्नु नै हामी सबैको साझा हित हुनजान्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

परियोजनालाई आवश्यक जग्गा प्राप्तिका साथै मुआब्जा वितरण समयमै सम्पन्न गरी सुरक्षा व्यवस्थालगायत आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गरेका परियोजना सम्बद्ध सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिँदै परियोजनालाई पूर्णरुपेण सम्पन्न गर्न आ-आफ्नो क्षेत्रबाट दत्तचित्त भएर काम

> "मैले पटक-पटक भन्दै आएको छु, भौतिक विकासलाई व्यवस्थित गर्दै जाँदा मानवीय विकासका क्षेत्रमा पनि छिटो प्रगति गर्न सकिन्छ । यसलाई मैले नेपाल सुरूङ युगमा प्रवेश गरेको विम्बद्वारा विकास र समृद्धिको यात्रामा लामबद्ध हुन अपिलसमेत गर्दै आएको छु ।"

गर्न प्रधानमन्त्रीले निर्देशन दिनुभयो ।

प्रधानमन्त्री दाहालले अरूण-३ आयोजना निर्माण गरिने, माथिल्लो अरूण, जगदुल्ला, तामाकोशी पाँचौं, मोदी ए र चैनपुर-सेती जलविद्युत् आयोजनाको निर्माण कार्य सुरू गर्ने, सुनकोशी-तेस्रो जलविद्युत् आयोजनाको विस्तृत अध्ययन गरी निर्माण प्रक्रिया अगाडि बढाइने जानकारी दिनुभयो ।

दश हजार आठ सय मेगावाट क्षमताको कर्णाली-चिसापानी जलविद्युत् आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइनको सुरू गर्ने, शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न जीवाश्म ऊर्जालाई स्वच्छ एवं नवीकरणीय ऊर्जाले क्रमशः विस्थापन गर्ने, हरित हाइड्रोजन प्रवर्द्धन गर्न अनुसन्धान र विकासका लागि आवश्यक बजेटको व्यवस्था गरिएको प्रधानमन्त्रीले बताउनुभयो ।

त्यस अवसरमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आयोजनाबाट देशको ऊर्जा क्षेत्रको विकासमा नयाँ आयाम थपिने बताउँदै आगामी १२ वर्षमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने सरकारको लक्ष्य सुनाउनुभयो । आगामी आर्थिक वर्षदेखि आयोजनाबाट उत्पादन हुने लक्ष्य रहेको भन्दै उहाँले भारतसँग दीर्घकालीन विद्युत् व्यापार सम्झौता कार्यान्वयनमा सहयोगी हुने बताउनुभयो ।

नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले नेपाल र भारतबीच आगामी १० वर्षमा १० हजार विद्युत् व्यापारका लागि भएको सम्झौता कार्यान्वयनका लागि यो आयोजना महत्वपूर्ण भएको बताउनुभयो । उहाँले अरुण नदीमा विद्युत् उत्पादनका लागि कैयौँ सम्भावना भएको भन्दै उक्त सम्भावनालाई दुवै देश मिलेर उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले अरुण नदीमा अन्य परियोजनाका लागि आफूहरू नेपाल सरकारसँग सहकार्य गर्न तयार रहेको जानकारी दिनुभयो ।

सतलज जलविद्युत् निगम (एसएपिडिसी)का प्रमुख प्रबन्ध निर्देशक सुशीलकुमार शर्माले आयोजना निर्माणका लागि प्रधानमन्त्री दाहालले सुरुदेखि नै सहयोग गरिरहुनुभएको उल्लेख गर्दै त्यसका लागि प्रधानमन्त्री दाहाल र नेपाल सरकारप्रति कृतज्ञता ज्ञापन गर्नुभयो ।

हाल आयोजनाको ७५ प्रतिशत काम पूरा भएको भन्दै उहाँले आयोजनालाई समयमै सम्पन्न गर्न कोशी राजमार्ग मर्मत तथा स्तरोन्नतिका साथै प्रसारण लाइन निर्माणका लागि जग्गा प्राप्तिमा सहयोग गरिदिन प्रधानमन्त्री दाहालसमक्ष आग्रह गर्नुभयो । उहाँले यसका लागि उच्चस्तरीय समन्वय समिति गठन गरी लगानी बोर्डसँगको सहकार्यमा समस्या हल गर्नुपर्नेमा जोड दिनुभयो ।

आयोजनाले सन् २०२५ को मार्चदेखि विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको छ । आयोजनामा दुई सय २५ मेगावाट क्षमताको चार वटा टर्वाइनबाट नौ सय मेगावाट विद्युत उत्पादन हुनेछ । आयोजनाको मकालु गाउँपालिकाको वडा नं ३ र ५ रहेको बाँधबाट ११ दशमलव आठ किलोमिटरको सुरुङबाट चिचिला गाउँपालिका-३ पुकुवामा रहेको विद्युत् गृहमा पानी झारेर विद्युत् उत्पादन गरिनेछ ।

प्रधानमन्त्री दाहालसँगै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, कोशी प्रदेश सरकारका स्वास्थ्यमन्त्री राजेन्द्र कार्की,लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टका साथै मकालु गाउँपालिकाका अध्यक्ष तथा वडाअध्यक्षको उपस्थिति थियो ।

भारत सरकारको पब्लिक कम्पनी सतलज जलविद्युत् निगम (एसएपिडिसी)ले निर्माण गरिरहेको यो आयोजनाबाट उत्पादित विद्युत् मध्ये नेपाल सरकारले २१ दशमलव नौ प्रतिशत अर्थात् करिब दुई सय मेगावाट निःशुल्क पाउने छभने बाँकी भारत निर्यात हुनेछ । बिजुली उत्पादन सुरु भएको २५ वर्षपछि आयोजना नेपालको हुनेछ । परियोजनाबाट उत्पादन हुने ऊर्जा ४०० केभी क्षमताको प्रसारण लाइन नेपालतर्फ पाँच सय ९४ वटा टावर र सङ्खुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा र महोत्तरी हुँदै भारततर्फ निकासी हुनेछ ।


आयोजनाको शिलान्यास २०७५ वैशाख २८ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले काठमाण्डुमा संयुक्तरूपमा गर्नुभएको थियो । विसं २०७१ मङ्सिर १० मा आयोजना विकास सम्झौता (पिडिए) भएको थियो । रासस

# बजेटले सार्क हस्तकला विकास केन्द्र स्थापनालाई सम्बोधन गर्न सकेन : हस्तकला महासङ्घ

काठमाण्डु । नेपाल हस्तकला महासङ्घले बजेटले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) हस्तकला विकास केन्द्रको स्थापना र सञ्चालनको बारेमा सम्बोधन गर्न नसकेको बताएको छ ।

महासङ्घका अध्यक्ष प्रचण्ड शाक्यले सोमबार विज्ञप्ति जारी गरी आर्थिक वर्ष २०८१/८२ को बजेटले महासङ्घ र सार्क विकास कोषद्वारा स्थापना गरिने सार्क हस्तकला विकास केन्द्र नेपालको स्थापना तथा सञ्चालनको सम्बन्धमा सम्बोधन गर्न नसकेको बताएको हो ।

"मुलुकको कला, संस्कृति र सम्पदा क्षेत्रको संरक्षण गर्दै लाखौं युवालाई रोजगार प्रदान गरी वार्षिक १२ अर्बभन्दा बढी वैदेशिक मुद्रा आर्जन गर्ने हस्तकला क्षेत्रलाई बजेटले सम्बोधन गर्न सकेन", महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।




बजेटले आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न तथा उत्पादनलाई रोजगारीसँग आबद्ध गराउने बजेटले लिएको लक्ष्य निकै सकारात्मक रहेको महासङ्घले जनाएको छ । महासङ्घले निजी क्षेत्रसँगको सहकार्यमा बागमती प्रदेशलाई उद्योग हब र लुम्बिनी प्रदेशलाई साना तथा मझौला उद्यमी हब बनाइने र प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमद्वारा स्वदेशी उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रममार्फत स्वदेशी उत्पादनलाई प्रोत्साहित गरिने कुराले व्यवसायीहरू आशावादी भएको बताएको छ ।

महासङ्घले उद्यममा युवा सहभागिता बढाउने र नवप्रवर्तनका लागि उद्यमशील वातावरण तयार गर्ने उद्देश्यले स्टार्टप उद्यमीको लागि रु एक अर्बको कोष व्यवस्थापन गर्नु सराहनीय भएको जनाएको छ । यस्तै वस्तु तथा सेवा प्रवरद्धनका लागि सार्वजनिक निजी साझेदारीमा काठमाण्डुको चोभारमा निर्माण गरिने अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल सबै उद्यमी व्यवसायीलाई समेट्ने गरी निर्माण गर्नुपर्ने महासङ्घले जनाएको छ ।

महासङ्घले औद्योगिक विकास र उद्यमशीलता प्रवर्द्धनका लागि झण्डै साढे छ अर्ब छुट्याउनु सराहनीय रहेको बताएको छ । मेक इन नेपाल र मेड इन नेपाल अभियानमा निजी क्षेत्रसँग सहकार्य गरिने र उद्योग वाणिज्य क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने औद्योगिक व्यवसाय ऐन र श्रम ऐनलाई समयानुकूल संशोधन गरिने कुरा सकारात्मक रहेको बताइएको छ ।

निकासीकर्ताले विदेशी मुद्रा प्राप्त भएको कागजात पछि पेस गर्ने शर्तमा अमेरिकी डलर २५ हजारसम्मको सामान निकासी गर्न पाउने व्यवस्थाले हस्तकला निर्यातमा सकारात्मक प्रभाव पार्ने महासङ्घको ठहर छ । हस्तकला क्षेत्रमा धेरै कार्यहरू अनौपचारिक क्षेत्रमा हुने भएकाले अनौपचारिक क्षेत्रमा कार्यरत कामदार तथा श्रमिकलाई पनि सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै लैजाने बजेटले लिएको नीति सान्दर्भिक रहेको बताइएको छ। रासस

# सुनको भाउ निरन्तर उकालोतिर

काठमाण्डु । स्थानीय बजारमा पहेँलो धातुको मूल्य तोलामा रु एक हजार सात सयले वृद्धि भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार सोमबार प्रतितोला रु एक लाख ४१ हजार मूल्यमा कारोबार भएकामा सोही परिमाणको सुन मंगलबार रु एक लाख ४२ हजार सात सयमा खरिद-बिक्री भएको छ ।

यसैगरी, तेजाबी सुन सोमबार प्रतितोला रु एक लाख ४० हजार तीन सयमा कारोबार भएकामा मंगलबार त्यतिनै तौलको तेजाबी सुनको मूल्य रु एक लाख ४२ हजार निर्धारण भएको छ । त्यस्तै, चाँदीको मूल्य तोलामा रु २५ ले वृद्धि भएको छ । सोमबार प्रतितोला रु एक हजार आठ सय ३५ मा एक तोला चाँदी बिक्री भएको थियो । रासस


**धनुषाधाम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धनुषाधाम, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सूचना प्रकाशित मिति : २०८०/०२/२३

यस धनुषाधाम नगरपालिकाबाट २०८१/०१/१३ को प्रकाशित सार्वजनिक सूचना अनुसार ठेक्का नं. DM/04/080-081 का लागि तोकिएको मिति र समय भित्र ई-बिडमात्र बाट दर्ता हुन आएका बोलपत्रदाताहरुमध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृतका लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐनको २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सो ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम | स्वीकृत गरिएको कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | DM/04/080-081 | construction of Health Post Building in Ward no-8 | Shivank Construction, Kshireshwor Nath Na.Pa-3,sakhuwa | 24,50,145.75 (without vat and PS Item) | |

नि.प्रमुख प्रशासकिय अधिकृत

# जसपा महाधिवेशनका लागि निर्माणाधीन पण्डाल भत्कियो



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको महाधिवेशनको लागि तयार पारिएको पण्डाल भत्किएको छ।

जसपा नेपालको यही जेठ २८ गतेदेखि हुने एकताको प्रथम राष्ट्रिय महाधिवेशनको लागि जनकपुरधामस्थित तिरहुतिया गाछी मैदानमा निर्माणाधीन टेन्टसहितको पण्डाल भत्केको छ।

एक महिना अघिदेखि निर्माणाधीन पण्डाल अन्तिम चरणमा हावाहुरीसहित भएको वर्षातका कारण भत्केको जनाइएको छ।

जसपा नेपाल धनुषा अध्यक्ष पशुपति यादवले दिएको जानकारी अनुसार २० हजार जना नेता तथा कार्यकर्ता क्षमताको रहेको सो पण्डाल निर्माण अन्तिम चरणमा रहेको थियो। सोमबार राति भएको वर्षात र हावाहुरीले भत्केको जिल्ला अध्यक्ष यादवले बताए।

उनले भव्यरुपमा निर्माणाधीन पण्डाल एक महिनादेखि दर्जनौं मजदुरले निर्माण गरिरहेका थिए। अध्यक्ष यादवले सो पण्डाल पुनः निर्माण गरी तोकिएकै मितिमा महाधिवेशन सम्पन्न हुने बताए।

# एमाले निकटको युवा संघमा राजीनामाको लहर

**टुडे समाचारदाता**

राजविराज । राष्ट्रिय युवा संघ नेपाल सप्तरीमा अहिले राजीनामाको लहर चलेको छ। राष्ट्रिय युवा संघका अध्यक्ष चित्तरञ्जनले मंगलबार राजीनामा दिएका छन् ।

संघका केन्द्रीय समितिलाई राजीनामा पठाएका छन् । उनले प्रेस विज्ञप्ति मार्फत मिडिया सामु राजीनामाका कारण सार्वजनिक गरेका छन् ।

अघिल्लो दिन संघको जिल्ला उपाध्यक्ष रंजित भगतले पनि केही नेता र संघको नेतृत्व वर्गको कार्यशैली प्रति असन्तुष्टि जनाउदै पदबाट राजीनामा दिएका थिए।

दुबै जनाले राजीनामा पछि जारी गरेको छुट्टा छुट्टै प्रेस विज्ञप्तिमा केही नेता र संघको केन्द्रीय नेतृत्वले कार्यकर्ताको उचित मुल्याङ्कन नगरेको र संघलाई स्वेच्छाचारी ढंगले चलाएको आरोप लगाएका छन्।

लामो समय देखि संगठन भित्र मौलाउँदै गएको स्वेच्छाचारीता, अराजकता र विकृती विरुद्ध पटक-पटक आवाज उठाउँदा पनि कुनै सुनुवाई नभएको र संगठनलाई नेताहरुले आफ्नो ब्यक्तिगत अभिष्ट पूरा गर्न पार्टी नेतृत्व संग बार्गेनिङ्ग टुल्सका रुपमा मात्रै प्रयोग गर्ने थलो बनाएको उपाध्यक्ष भगत र अध्यक्ष यादवले पठाएको राजीनामा पत्रमा उल्लेख छ।

नेकपा एमालेको जनवर्गीय संगठनको रुपमा रहेको राष्ट्रिय युवा संघका केन्द्रीय नेतृत्वकर्ताहरुले आम कार्यकर्ताको नेतृत्व क्षमतालाई क्षयीकरण गराउने काम गरेको तथा नातावाद र कृपावादलाई प्राथमिकता दिई संगठनलाई कमजोर पार्दै लगेको आरोप लगाउँदै राजीनामा पत्रमा आफूहरु यस्तो अवस्थामा काम गर्न नसकिने भएकाले राजीनामा दिन बाध्य भएको उल्लेख गरेका छन्।

उनीहरुले नेतृत्व पंक्तिको कार्यशैलीको विरोधमा संघको जिल्लाकार्य समितिका केही अन्य पदाधिकारीहरु समेत राजीनामा दिने तयारीमा रहेको जनाएका छन्।

# दुई वटा विधेयक दफावार छलफलमा पठाउने निर्णय



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको बैठकले दुई वटा विधेयक दफावार छलफलका लागि सम्बन्धित विषयगत समितिमा पठाउने निर्णय गरेको छ।

मधेश प्रदेश सभाको तेस्रो अधिवेशनको मंगलबार बसेको दोस्रो बैठकमा सो निर्णय सर्वसम्मत गरेको छ । सभाको बैठकले प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० र बाल अधिकार ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाउने सर्वसम्म निर्णय भएको सभामुख रामचन्द्र मण्डलले जानकारी गराए।

प्रदेश सभा बैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेको तर्फबाट खेलकुद तथा समाज कल्याणमन्त्री सरिताकुमारी साहले प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० र बाल अधिकार ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक दफावार छलफलको लागि समितिमा पठाइयोस् भने प्रस्ताव प्रस्तुत गरेकी थिइन्।

प्रस्तुत दुईवटै प्रस्तावको पक्षमा सर्वसम्मत निर्णय भएको सभामुख मण्डलले जानकारी दिए । प्रदेश सभाको अर्को बैठक बुधबार ३ बजे बस्ने गरी स्थगित गरिएको छ।

# दरबन्दी बेगर कार्यरत्त दश डाक्टर हटाइयो

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जको नारायणी अस्पतालमा मेडिकल सुपरिटेण्डेण्ट (मेसु) परिवर्तन भएसँगै ४७ जना कर्मचारीलाई हटाइएको छ। जसमध्ये दरबन्दी बेगर कार्यरत १० जना डाक्टरहरु पनि हटाइएको छ।



अस्पतालका निमित्त मेसु डाक्टर एनामुल हकको अध्यक्षतामा बसेको बसेको बैठकले अस्पतालमा लामो समयदेखि दरबन्दी बेगर दैनिक ज्यालादारीमा कार्यरत १० जना डाक्टरहरु लाई हटाइएको अस्पतालका सूचना अधिकारी सुनिल रौनियारले जानकारी दिए।

उनका अनुसार, अस्पतालबाट हटाइनेमा आठौं तहका मेडिकल अधिकृत चिकित्सक १० जना, सातौं तहका मेडिकल अधिकृत १ जना, स्टाफ नर्स १२ जना, हेल्थ असिस्टेन्ट ३ जना, रेडियोग्राफर ५ जना, अहेब चार जना, कार्यालय सहयोगी ७ जना लगायतका रहेका छन्।

अस्पताल प्रशासनले जारी गरेको सूचनामा अस्पतालमा दरबन्दी बेगर नियुक्त भई दैनिक ज्यालादारीमा कामकाज गरिरहेका ४७ जना स्वास्थ्यकर्मी र कर्मचारीको यही जेष्ठ २२ गतेदेखि सेवा अवधि समाप्त भएको निर्णय गरिएको उल्लेख छ।

अस्पतालका निमित्त मेसु डाक्टर हकले दरबन्दी बेगर दैनिक ज्यालादारीमा कार्यरतहरुका कारण अस्पताललाई आर्थिक भार थपिएकाले उनीहरुलाई सेवाबाट हटाइने निर्णय गरेको बताए। उनले भने, 'एक त दरबन्दी बेगर उनीहरु कार्यरत थिए। अर्को कुरा यति धैरै कर्मचारी अस्पताललाई आवश्यक पनि थिएन । उनीहरुलाई ६/७ महिनादेखि तलब भत्ता पनि अस्पतालले खुवाउन सकिरहेको थिएन। यी सबै कारणले उनीहरुलाई सेवाबाट हटाइएको छ।'

अस्पताल स्रोत अनुसार यसअघिका निमित्त मेसु डाक्टर चित्तरन्जन साहको कार्यकालमा दरबन्दी बेगर दैनिक ज्यालादारीमा करिब १५० भन्दा बढी स्वास्थ्यकर्मी र कर्मचारी अस्पतालमा नियुक्त गरिएको थियो।

## मेसुको निर्णय विरुद्ध सञ्चालक समिति

**टुडे समाचारदाता**

वीरगञ्ज । नारायणी अपस्ताल वीरगञ्जका मेसुले डाक्टर सहित स्वास्थ्यका कर्मचारी हटाएकोमा अस्पताल सञ्चालक समितिले विरोध जनाएको छ। करारका कर्मचारी खारेजीको निर्णय मेडिकल सुपरिटेन्डेन्टको स्वच्छतारिता भएको भन्दै अस्पताल संचालक समितिले खुलेरै बिरोध गरेको छ।

अस्पतालमा कार्यरत चिकित्सक, स्टाफ नर्स, स्वास्थ्यकर्मी र कर्मचारीलाई हटाइएकोमा अस्पताल विकास समितिले विरोध जनाएको छ । अस्पतालका निमित्त मेसु डाक्टर एनामुल हकले कार्यभार सम्हालेको एक हप्ता नवित्दै सोमबार एक विज्ञप्ति जारी गरी एकैपटक ४७ जना स्वास्थ्यकर्मी र कर्मचारीलाई सेवाबाट हटाइएको जनाएका थिए।

मंगलबार अस्पताल विकास समितिका अध्यक्ष धिरज कुमार गुप्ता तथा सदस्यहरु रमेश चौधरी,किरण शर्मा र अक्षय झाले एक विज्ञप्ति जारी गर्दै अस्पतालका निमित्त मेसु हकले पूर्वाग्रही भएर स्वास्थ्यकर्मी र कर्मचारीलाई सेवाबाट हटाएको आरोप लगाएका छन्।

अस्पताल बिकास समितिसँग कुनै किसिमको समन्वय नगरी आफू खुसी सुचना प्रकाशन गरिएको प्रति गम्भीर ध्यानाकर्षण भएको अस्पताल विकास समितिले जनाएको छ।

# शिवम स्टिलको गोदाममा छापा

**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरीले वीरगञ्जबाट १४ लाख बढीको भन्सार छलीका सामान बरामद गरेको छ । विभिन्न स्थानबाट सशस्त्र प्रहरीले १४ लाख ६९ हजार ६ सय ५० रुपैयाँ बराबरको भन्सार छलीका सामग्री बरामद गरेको छ।



प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको टोलीले अवैध रुपमा भण्डारण गरेर राखिएको अवस्थामा ७ लाख ५९ हजार ६ सय ५० रुपैयाँ बराबरको भन्सार छलीका सामग्री बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गणका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक देबेन्द्र सिंहले जानकारी दिए । उनका अनुसार विशेष सूचनाको आधारमा शिवम स्टिल प्रा.ली.को गोदामबाट कपडा, ल्याप्टप तथा अन्य सामान बरामद गरिएको छ।

बरामद सामग्री आवश्यक कारवाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी) सिंहले बताए । यस्तै प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जकै टोलीले भारतबाट भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा ४ लाख बराबरको भन्सार छलीका सामग्री बरामद गरेको छ।

वीरगञ्ज महानगरपालिका-२५ सिर्सिया क्षेत्रबाट ना. ५३ प ९३६३ नम्बरको मोटरसाइकलमा भारतबाट भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको ३ लाख १० हजार बराबरको थानको कपडा र मोटरसाइकल नियन्त्रणमा लिइएको डिएसपी सिंहले बताए।

# वर्षापछि किसान खुसी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम सहित मधेश प्रदेशका विभिन्न जिल्लामा मंगलबार भएको बर्षाले किसान खुसी भएका छन् । बर्षा भएपछि किसानहरुलाई धानको बीउ छर्कन खेत तयारी गर्ने तथा गर्मीका कारण प्रभावित भएको बताएका छन्।

यो पानीले वनजंगल, कान्लामा हरियो फिर्न पनि झन मद्दत पुगेको छ । पानी परेकाले यहाँ गर्मी निकै कम भएको छ।

यहाँका वासिन्दाले जेठ मध्यतिर यो वर्ष असाध्य गर्मी खेपेका छन् । तर विगत



जनजीवन पनि सामान्य भएको छ।

भर्खरै राखिएको धानको बीउ, हुर्कँदै गरेको मकै, उखु, तरकारीलगायतका बालीनालीलाई फाइदा गरेको किसानले २/३ दिनदेखि तापक्रम केही घटेको छ । मंगलबार पर्याप्त वर्षा भएकाले स्थानीयले अझ शीत्तलताको महसुस गरेका छन्।

# एन्फा लिग २०८१ सुरु

**टुडे समाचारदाता**

राजविराज । एन्फा सप्तरी जिल्ला लिग २०८१ मंगलवार देखि सुरु भएको छ। सप्तरीको सप्तकोशी नगरपालिकाको ओद्राहा स्थित नन्द उच्चमाध्यमिक विद्यालयको खेल मैदानमा प्रतियोगिता सुरु भएको छ।



प्रतियोगितको मधेश प्रदेश फुटवल संघका अध्यक्ष नेपाल कार्कीले उद्घाटन गरे । उद्घाटन खेलमा डाँफे युवा क्लब फत्तेपुरले युवा खेलकुद मञ्च शम्भुनाथलाई ५-१ को फराकिलो गोल अन्तरले हराउँदै प्रतियोगितामा सुखद सुरुआत गरेको छ।

यस अघि आयोजक जिल्ला फुटवल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा प्रमुख अतिथी मधेश प्रदेश फुटवल संघका अध्यक्ष नेपाल कार्की, सप्तकोशी नगरपालिकाका मेयर कृष्ण ढकाल, उपमेयर रीता चौधरी, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेल लगायतले शुभकामना दिएका थिए।

अखिल नेपाल फुटवल संघ (एन्फा) को सहयोग तथा जिल्ला फुटवल संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगिता जेठ ३० गते सम्म चल्ने छ। प्रतियोगितामा जिल्लाका कुल ९ टिमको सहभागिता रहेको संघका महासचिव रमेश श्रेष्ठले जानकारी दिए।

प्रतियोगिता अन्तर्गत बुधवार हिरोज स्पोटिङ्ग क्लब बरमझिया र न्यू त्रियुगा स्पोर्ट क्लब फत्तेपुर बीच हुने आयोजक जिल्ला फुटवल संघ सप्तरीले जनाएको छ।

# बसहियामा मैत्री शौचालय स्थापना



**टुडे समाचारदाता**

जनकपुरधाम । विश्व पर्यावरण दिवसको अवसरमा स्थानीय युवाहरुले खुला दिशामुक्त बनाउका लागि पर्यावरण मैत्री शौचालय स्थापना गरेका छन्।

जनकपुरधाममा मंगलबार स्थानीय युवाहरुको एक समूहले जनकपुरधाम-२४ स्थित बसहियालाई खुला दिशामुक्त बनाउनका लागि पर्यावरण मैत्री शौचालय स्थापना परियोजना अन्तर्गत शौचालय निर्माण गरेका छन्।

जलवायु परिवर्तनको अल्पिकरण र अनुकूलन गर्नका लागि ब्रिटिस काउन्सिल एण्ड एसोसिएसनको संयोजनमा यूथ अर्गनाइजेसन, नेपाल आयोनको सहयोग र सहकार्यमा मधेश प्रदेश जनकपुरधाम-२४ का युवा आभाष कर्ण र आयुष कर्ण, सीता पौडेलको अगुवाइमा खुला दिसामुक्त अभियान अन्तर्गत पर्यावरण मैत्री शौचालय स्थापना भन्ने परियोजना सफलता पूर्वक सम्पन्न गरेको जनाएको छ।

सो कार्यक्रममा दिशा पिसाब क्षेत्र बनाउनका लागि आभाष कर्णले गरिब, अति विपन्न परिवार तथा सीमान्तकृत वर्गलगायत समुदायका परिवारहरुसमेत जनचेतना तथा शौचालयको अभावमा खुला चौरमा शौच गर्दा पर्यावरण तथा वातावरणमा नकारात्मक असर समाजमा देखा परिरहेको बताए।

उनले बसहियामा आधा दर्जन भन्दा बढी घरधुरीमा शौचालय मैत्री भवन निर्माण गरेको बताए।

# 'महिला अधिकार, न्याय र समानताका लागि एकजुट हुन आग्रह'



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मुखियपट्टीमुसहरनियागाउँपालिकाकी उपाध्यक्ष सैदा खातुनले महिलाहरु आफ्नो अधिकार र न्यायका लागि एकजुट हुनुपर्ने बताएकी छन्।

मुखियपट्टी मुसहरनिया गाउँपालिकाको तुलसियाहीमा भएको महिलाहरुको भेलामा बोल्दै उपाध्यक्ष खातुनले अधिकार समानता र समताका लागि स्थानीयस्तरमै आवाज बुलन्द बनाउनका लागि समाज उत्थान केन्द्रले चालेको कदम सराहनीय रहेको समेत बताइन्।

उनले पालिकास्तरमा गठन भएको महिला अधिकार मञ्चका पदाधिकारीसमेतलाई शुभकामना दिँदै स्थानीयतस्तरमा पीडित रहेकी महिलाहरुको अधिकार, न्याय र समानताका लागि पैरवी गर्न अघि बढ्न आग्रह गरिन्।

रुपादेवी साहको अध्यक्षतामा १९ सदस्यीय महिला अधिकार मञ्च मुखियापट्टी मुसहरनिया

> रुपादेवी साहको अध्यक्षतामा १९ सदस्यीय महिला अधिकार मञ्च मुखियापट्टी मुसहरनिया गाउँपालिकाको कार्य समिति सर्वसम्मतरुपमा चयन गरिएको छ ।

गाउँपालिकाको कार्य समिति सर्वसम्मतरुपमा चयन गरिएको छ।

सोको उपाध्यक्षमा हिरा यादव, सचिवमा राधा यादव, सहसचिवमा मञ्जु यादव र कोषाध्यक्षमा शिवो देवी ठाकुर रहेकी छन्।

त्यसैगरि सदस्यहरुमा पुजा दास, पिंकी साफी, निरोदेवी राम, प्रमिला देवी पासमान, सुनैना देवी साह, सवाना खातुन, निसा महतो, रेखादेवी राम रहेकी छन्। सो समितिमा पछि तीन जनाको नाम थप्ने गरी रिक्त राखिएको अध्यक्ष साहले बताइन्।

त्यस्तै सल्लाकार समितिको सदस्यहरुमा मुखियापट्टी मुसहरनिया गाउँपालिका उपाध्यक्ष सैदा खातुन, कार्यपालिका सदस्य फुलदेवी महतो, वडा सदस्य निर्मलादेवी यादव र सुमित्रादेवी दासलाई चयन गरिएको छ।

समाज उत्थान युवा केन्द्र सुयुकको समयोजनमा महिला, युवा, सीमान्तकृत वर्गका विभिन्न समुदायका महिलाहरुको भेला गराएको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८